# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रत्ननगर नगरपालिका, चितवन

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश [illegible]क्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं २०९

मितिः २०७८।५।४

श्री प्रमुखज्यू,
रत्ननगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
चितवन ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्या:२०७८।८९
च.नं २७७ मिति: २०७८।५।४

श्री नगर प्रमूखज्यू,
रत्ननगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :-** हामीले रत्ननगरपालिका नगरपालिकाको २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय–व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार :-**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.३ करोड ८५ लाख ८८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ३५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २४ लाख ५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड १० लाख ३४ हजार र पेश्की रु. १ करोड ४४ लाख ६४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७।११।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २९ (उन्नतीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी :-** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायबमहालेखापरीक्षक

## लेखापरीक्षणको अन्तिम प्रतिवेदन

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १६ वडा, ८४ जना नगरसभा सदस्य तथा ६९,५०६ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्षको रु. (हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ९३५४२५९०० | ९२२०४३०१६.२७ | ७४००००० | ९२९४४३०१६.२७ |
| **क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | ८८४४१४००० | ८६०७९७६०७.४४ | **७४०००००** | ८६८१९७६०७.४४ |
| ११०० कर | ११ | २११३६९००० | २३७६०६१२३.९७ | ० | २३७६०६१२३.९७ |
| १३०० अनुदान | | ६०८४५०००० | ५७८२४३२२१ | ७४००००० | ५८५६४३२२१ |
| संधीय सरकार | १२ | ५५४५२०००० | ५१६८८७१३८ | ७४००००० | ५२४२८७१३८ |
| प्रदेश सरकार | १२ | ४३९३०००० | ४२९२९५४० | ० | ४२९२९५४० |
| जनसहभातिता | | १००००००० | १८४२६५४३ | ० | १८४२६५४३ |
| १४००० अन्य राजस्व | | ६४५९५००० | ४४९४८२६२.४७ | ० | ४४९४८२६२.४७ |
| **ख. अन्य प्राप्ती** | | ५१०११९०० | ६१२४५४०८.८३ | | ६१२४५४०८.८३ |
| वितरण गर्न बाँकी राजस्व | | ० | ३२२७६४६.४४ | ० | ३२२७६४६.४४ |
| कोषहरु | | २१३३१९०० | २६९५२०३४.७४ | ० | २६९५२०३४.७४ |
| धरौटी | | ० | ८४३८२७४.६५ | ० | ८४३८२७४.६५ |
| संधीय  प्रदेश सरकार वा अन्य कार्यक्रम | | २६९८०००० | २२६२७४५३ | ० | २२६२७४५३ |
| **भुक्तानी (ग+घ)** | | १११५७२६९०० | ७४२५०१६४१.८० | **१७३७१३४२** | ७५९८७२९८३.८० |
| **ग. भुक्तानी (संचित कोषबाट )** | | १०६४७१५००० | ७१८१२४८९४.८० | **१७३७१३४२** | ७३५४९७२३६.८० |
| २१००० पारिश्रमिक/सुविधा | १८ | २४८२५६०८० | २२७१२७३०१.७० | ० | २२७१२७३०१.७० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २५३५४४९७१ | १६८१५९३००.९१ | ० | १६८१५९३००.९१ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ७५००००० | २५००००० | ० | २५००००० |
| २५००० सहायता | १८ | १६९११८०० | १५५९७६९५ | ० | १५५९७६९५ |
| २६००० अनुदान | १८ | ४४१४३००० | ३७००६१२२ | ० | ३७००६१२२ |
| २७००० सामाजिक सुरक्षा | १८ | ८७३७००० | ६३४४५८८ | ० | ६३४४५८८ |
| २८००० अन्य खर्च | १८ | ९३५२४४९ | २५०६८८८ | ० | २५०६८८८ |
| ३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च | १८ | ४७६२६९७०० | २५८८८३९९.१९ | १७३७१३४२ | २७६२५५३४१.१९ |
| **घ. अन्य भुक्तानी** | | ५१०११९०० | २४३७५७४७ | ० | २४३७५७४७ |
| कोषहरु | | २१३३१९०० | १५६६७५२९ | ० | १५६६७५२९ |
| धरौटी | | ० | २३८८७०९.११ | ० | २३८८७०९.११ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | २९६८०००० | २२६२७४५३ | ० | २२६२७४५३ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | | (१६३०७९४४.११) | | (१६३०७९४४.११) |
| ङ. यो वर्षको बचत ( न्युन ) | | (१८०३०१०००) | १७९५४१३७४.४७ | (९९७१३४२) | १६९५७००३२.४७ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १८३४५०६२१.१२ | | १८३४५०६२१.१२ |
| **वर्षान्तको बाकी रकम (ङ+च )** | | (१८०३०१०००) | ३६९९१९९५.५९ | **९९७१३४२** | ३५३०२०६५३.५९ |
| | | | | | |
| बैक तथा नगद बाँकी | २४ | | ३५४०९५६५३.५९ | | ३५४०९५६५३.५९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राख्नु पर्दछ ।।एकिकृत आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु. १६ करोड ३२ लाख ६४ हजार समेत कुल आय १ अर्व ३५ करोड ७४ लाख १४ हजार र कुल खर्च १अर्व ०२ करोड ६३ लाख ३३ हजार रहेको देखिन्छ । | |
| २. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धि व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |
| २.१. | **जिम्मेवारी फरक परेको**ः गत वर्षको प्रतिवेदनमा रु.१६ करोड ३२ लाख ६४ हजार मौज्दात देखिएकोमा स्थानीय संचित कोष व्यवस्थापन प्रणालीले रु. १८ करोड ३४ लाख ५० हजार मौज्दात जिम्मेवारी सारेको छ । | |
| २.२. | प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.९२ करोड ५९ लाख ९२ हजार र गत वर्षको मौज्दात रु.१८ करोड ३४ लाख ५० हजार समेत जम्मा रु.१ अर्व ११ करोड २८ लाख ९३ हजार र कुल भुक्तानी रु. ७५ करोड ९८ लाख ७२ हजार देखाएकोले बचत रु.३५करोड ३० लाख २१ हजार देखिन्छ । | |
| २.३. | नगरपालिकाको एकिकृत आय- व्यय विवरण अनुसार यस वर्षको आय १ अर्ब १९ करोड ४१ लाख ५० हजार र गत वर्षको मौज्दात रु. १६ करोड ३२ लाख ६४ हजार समेत जम्मा आय रु. १ अर्ब ३५ करोड ७४ लाख १४ हजार देखिएकोमा उक्त म.ले.प.फा.नं.२७२ प्रतिवेदनले रु.१ अर्व ११ करोड २८ लाख ९३ हजार देखाई रु. २४ करोड ४५ लाख २१ हजार न्यून लेखाङ्कन गरेको देखिन्छ । त्यस्तै खर्च तर्फ एकिकृत आय- व्ययले रु. १ अर्ब २ करोड ६३ लाख ३२ हजार खर्च देखाएको र स्थानीय संचित कोष व्यवस्थापन प्रणाली प्रतिवेदनले रु.७५ करोड ९८ लाख ७२ हजार खर्च देखाएकोले रु.२६ करोड ६४ लाख ६० हजार खर्च न्यून लेखाङ्कन भएको छ । | |
| २.४. | स्वीकृत म.ले.प.फा.नं. २७२ अनुसार मौज्दात रु.३५ करोड ३० लाख २० हजार देखाएकोमा एकिकृत आय-व्यय विवरण अनुसार रु.३३ करोड १० लाख ८१ हजार मौज्दात देखिन्छ ।स्थानीय संचित कोष व्यवस्थापन प्रणाली अनुसार बैंक तथा नगद बाँकी रु.३५ करोड ४० लाख ९५ हजार देखिएकाले मौज्दात बढी देखिएको छ । | |
| २.५. | **बैक हिसाब मिलान**ः स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा नगरपालिकाले सञ्चालन गरेको बैंक हिसाब मिलान विवरण वार्षिक रुपमा तयार गरेको छ । चेक साट्न बाँकी रहेको कारण फरक पर्न गएको देखिन्छ । बैंकमा स्टेटमेन्ट, जम्मा हुन बाँकीको विवरण र चेक साट्न बाँकीको विवरण लेखापरीक्षणको क्रममा पेश भएको छ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार | जम्मा हुन बाँकी | साट्न बाँकी | खुद बैंक | |
| | ३३०६४०६२२.५६ | ३३१०८१७५५ | ४४११३३.१४ | ४४११३३.१४ | ३३१०८१७५५ | |

३. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।
- नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता, पुँजीगत खर्च खातामा मौज्दात रहेको पाईयो ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।
- कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना

| | | |
|---|---|---|
| | निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकाशं पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **जिन्सी सामानको स्रेस्ता** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ मा जिन्सी मालसामनको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नु पर्नेमा नगरपालिकाले यस आ.व. मा ३ थान मोवाइल खरिद गरेको मा सो मोबाइलको जिन्सी दाखिला गरी जिन्सी सहायक खातामा दाखिला गर्नुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ५. | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०७६/३/१४ मा निति तथा कार्यक्रम र बजेट पेश भई रु.१ अर्ब ६ करोड ४४ लाख १४ हजारको बजेट पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/३/२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ | |
| ६. | **स्रोत अनुमान तथा वजेट सीमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याईएतापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकीकरण गरेको देखिएन । प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

७. **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष नगरसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा नगरपालिका कार्यपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजना दोहोरो बजेट परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी एकै बजेटबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

८. **चौमासिक पूँजीगत खर्चः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई तालुक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौमासिक व्यवस्थापन गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक |
| १ | नगरपालिका | ११९९२६९२० | ५६२६५१८ | २७६६४४५२ | ८६६३५६५० |
| २ | जि वि स | १३८७८६०० | ४८२००० | ५२६५०९९ | ८१३१५०१ |
| ३ | क्रमागत योजना | १०७५७०४९ | ६१३९७५९ | २६५७९७३ | १९५९३१७ |
| ४ | न.पा कृषि तथा पशु | १७९९६९ | ० | ७१९६९ | १०८००० |
| ५ | विषयगत शाखा | ६६४६०८६७ | ५२८३४०३ | ९६३५३०६ | ५१५४२१५८ |
| ६ | संघिय सरकारबाट | ७०७९४४८१ | ० | ९१५५२९३ | ६१६३९१८८ |
| ७ | प्रदेश सरकार | ११००७८१४ | ० | १२९१३९ | ९७१५६७५ |
| | | २९३००५७०० | १७५३१६८० | ५४५७९२३१ | २१९७३१४८९ |
| | खर्च प्रतिशत | १०० | ५.९८ | १८.६२ | ७४.९९ |

९. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्रास योजना छनौट गरी प्राभमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका योजनाहरुको परीक्षण गर्दा ११ वटा योजना रु ५० हजार सम्मका, २७ बटा योजना ५० हजार देखि १ लाख सम्मका, १०३ वटा योजना १ लाख देखि ५ लाख सम्मका समेत गरी १४१ वटा योजनाहरु रु. ५ लाख भन्दा कम बजेटमा संचालन भएको देखियो । नगरपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाइएन । नगरपालिकाले मध्यम तथा दिर्धकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्रास गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

१०. नगरपालिकाको क्षेत्रगत बजेट खर्च स्थिति निम्नानुसार देखिएकोले समग्रमा ७८.४६ प्रतिशत मात्र प्रगति रहेको छ ।

| क्षेत्र | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६७५४९८४५ | ३६४७८८१८ | ४.३६ |
| सामाजिक विकास | ३४४५४०७६६ | ३१५५३६५४७ | ३७.७६ |
| पूर्वाधार विकास | ३९१३९५७६१ | ३१६४४७७६४ | ३७.८७ |

| | | | |
|---|---|---|---|
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३१४३१७९४ | १४९१७३५९ | १.७८ |
| कार्य संचालन प्रशासनिक खर्च | २२९७९६८३४ | १५२०४६३६८ | १८.१९ |
| **जम्मा** | **१०६४७१५०००** | **८३५४२६८५६** | **१००** |

११. **लक्ष्य प्रगतिः** नगरपालिकाले यसवर्ष २२४ योजना संचालन गरेको विवरण पेश गरेको छ सो मध्ये १९९ वटा उपभोक्ता समिति मार्फत र २५वटा बोलपत्र शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट सम्झौता भएको देखिन्छ । नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं संचालन अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको संख्या, किसिम, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

१२. **सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

| क.स. | विवरण | संख्या |
|---|---|---|
| १ | घर नक्सा पासको निवेदन | १८६९ |
| २ | नागरिकता सिफारिस | १९४० |
| ३ | जन्म दर्ता | १५०५ |
| ४ | मृत्यु दर्ता | ३३६ |
| ५ | सम्वन्ध विच्छेद | ४१ |
| ६ | विवाह दर्ता | ५०१ |
| ७ | बसाइसराई दर्ता | २९३ |
| ८ | अन्य | १९४४६ |

१३. **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ६७ जना कर्मचारीहरु करारमा राखेको देखिन्छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा नियुक्ती गरी बर्षभरीमा रु.२८२३७४४.९० भुक्तानी गरेको देखिएको छ ।

१३.१. **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत ३३ कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७७ माधसम्म ३९ महिनाको तलव भत्ता रु. ३३५०२५६.०० कट्टी गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा नभैसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभएको कारण कट्टी गर्न नसकिएको छलफलमा जानकारी प्राप्त भएको छ ।

| | | |
|---|---|---|
| १३.२. | नगरपालिकाले यस वर्ष वित्तिय समानिकरणबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु.२५०००००।— ट्रान्सफर गरेको छ । कर्मचारीबाट कट्टा गरी अवकास कोषमा दाखिला गर्नुपर्ने रकम दाखिला गरेको छैन । ३३ जना उपदानमा जाने कर्मचारिको १० प्रतिशतका दरले हुने रु.१०३०८४८।— र न पा ले थप गर्ने १०३०८४८.०० गरी जम्मा २०६१६९६.०० मात्र ट्रान्सफर गर्नुपर्नेमा रु.४३८३०४.००।— बढी ट्रान्सफर गरेको छ । | |
| १४. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरण अनुसार स्वीकृत दरबन्दी र पदपुर्तिको अवस्था निम्नानुसार रहेको छ । | |

| विवरण | स्वीकृत दरबन्दी | पदपुर्ती | | | रिक्त |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| नगरपालिका | १६२ | ५५ | ६७ | १२२ | ४० |

| | | |
|---|---|---|
| | नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १२२ पदपूर्ती भएको देखिन्छ । नियमानुसार रिक्त रहेको पदपूर्ति गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १५. | **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म १० वटा ऐन, २ वटा नियमावली, ४ वटा निर्देशिका, ११ वटा कार्यविधि, गरी २७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १६. | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस बर्ष १८५ विवाद दर्ता भएकोमा ११६ वटा मात्र फछ्यौंट भई ६९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १७. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन पेश गरेको छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १८. | **सुरक्षित आप्रवासनः** वैदेशिक रोजगारमा जान चाहने यूवा वर्गलाइ आप्रबासन सम्वन्धी विभिन्न जानकारी दिने र तिनिहरुको अभिलेख राख्ने तथा समस्याको सम्बन्धमा पैरवी गर्ने कार्यको लागि गत वर्ष देखि सुरक्षित आप्रवासन परियोजना लागू गरेको छ । सो को लागि संस्था सम्झौता गरी हाल सम्म रु. १२ लाख खर्च भएकोमा सो को कार्यक्रमगत प्रगति प्राप्त भएन । | |
| १९. | **प्रेस संयोजक** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी | |

| | | |
|---|---|---|
| | ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्ने व्यवस्था छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले प्रेस संयोजक लाइ भुक्तानी बापत रु . १४८५००.०० खर्च लेखेको रु. | १४८५००.०० |
| २०. | **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आयव्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष विविध तर्फ वित्तिय समानिकरण चालू बाट रु. २११५८८५.०० र आन्तरिक श्रोत बाट रु.१४१०७४३.०० गरी जम्मा रु.३५२६६२८.०० खर्च गरेको छ । | |
| २१. | **संघ सस्था सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु.१५५९७६९५।— संघ संस्था सहायता वितरण गरेको देखिन्छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| | **अनुदान फिर्ता** | |
| २२. | **सःशर्त अनुदानः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । शिक्षा तर्फ रु.७७६२२६६, स्वास्थ्य तर्फ रु.२८५५०६३८ र कृषि तर्फ रु.७१५८२५० गरी जम्मा रु.७३४७११५४ रहेको मा यसलाई आ व ०७७/०७८ मा केन्द्रिय खातामा दाखिला भएको छ । | |
| २३. | **जिन्सी व्यवस्थापनः** नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।प्रदेश आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-६मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बर बुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-९ मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ ।नगरपालिकाले जिन्सी निरीक्षण गराई मिति २०७७/७/१९ मा प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी फरफारक गरी मात्र रमाना दिने समानको बर्गिकरण बैज्ञानिक बनाउने लगायतका सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । | |
| | **आन्तरिक आय** | |
| २४. | **आन्तरिक आय** स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद २ को दफा ८(२) ग वार्षिक आम्दानी सम्वन्धी व्यवस्था छ । नगरपालिकाको चार वर्षको आयको स्थिति निम्नानुसार देखिएकोमा गत वर्ष भन्दा आम्दानी घटेको पाइयो। | |

| आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ |
|---|---|---|---|
| ४३१२०४४३.३२ | ५५७३९८७५.१२ | ८१७५६५५८.४२ | ६५०१४५९१.९५ |

| | | |
|---|---|---|
| २४.१. | **कुल आम्दानि** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. ६५०१४५९१.९५ आम्दानी गरेको देखिन्छ । | |

रु.हजारमा

| शिर्षक | रकम |
|---|---|
| एकीकर्त सम्पत्ती कर | २१२२४५५१.८९ |
| भुमिकर/मालपोत | ५४८६८ |
| घरबहाल कर | ८७४५२८६.४४ |
| व्यवसाय रजिष्ट्रेशन | १०१९१३१६.३२ |
| सवारी साधन कर | १००० |
| विज्ञापन कर | ९६०० |

| | | | |
|---|---|---|---|
| | सरकारी सम्पत्ती बहालबाट अन्य | ९५३०० | |
| | अन्य सेवा शुल्क तथा विक्रि | ५८३३५७ | |
| | न्यायिक दस्तुर | १५५२० | |
| | अन्य प्रशासनिक सेवा शुल्क | ८९०९६५ | |
| | सिफारिस दस्तुर | १००५८२९१.६९ | |
| | नक्सा पास दस्तुर | ६९५२०३९.७४ | |
| | रेडियो एफ एम दस्तुर | २४००० | |
| | अन्य राजश्व | २९४१८०.१२ | |
| | न्यायिक दण्ड जरिवाना जफत | ५४२२१ | |
| | प्रशासनिक दण्ड जरिवाना | ३१६१७७ | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | १९५६८० | |
| | नाता प्रमाणित दस्तुर | १५४५८० | |
| | अन्य दस्तुर | ३६१४०३९.७५ | |
| | सरसफाइ शुल्क | १०६६९६८ | |
| | गिट्टी बालुवा शुल्क | ४७२६५० | |
| | **जम्मा** | ६५०१४५९१.९५ | |
| २४.२. | नगरपालिकाले यस वर्ष रु. ९५९२८००.०० राजश्व संकलन गर्ने लक्ष लिएकोमा रु ६५०१४५९१.९५ अर्थात ६७ प्रतिशत मात्र राजश्व संकलन भएको छ यसप्रकार न्यून आम्दानीको कारण नगरपालिकाको आन्तरिक आयबाट दैनिक प्रशासनिक कार्य संचालन खर्च समेत धान्न गाह्रो देखियो । अत नगरपालिकाले आफ्नो क्षेत्र भित्र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार करका विभिन्न नविन आयमको पहिचान गरी राजश्व आम्दानीमा बृद्धि गर्नुपर्दछ । | | |
| २४.३. | **नदिजन्य पदार्थ उत्खन्न** रत्ननगर नगरपालिका र खैरहनी नगरपालिकाको संयुक्त अधिकार क्षेत्र भित्र रहेको कयर खोला बाट नदिजन्य पदार्थ नगर क्षेत्र भित्र र बाहिर बिक्रि वितरण गर्ने कार्यको लागी ठेक्का बन्दोबस्ती गर्ने गरी रत्ननगर न.पा. कार्यालय बाट मिति २०७६।०८।०२ गते राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो प्रकासित सुचना अनुसार आ.व. २०७६।२०७७ का लागी रु ९ प्रति घन फिट प्रति दिन २५० घन मिटर उत्खनन्नका दरले ठेक्का रकम रु. १४३०५५५५.०० अनुसार २०७६।११।०१ देखि २०७७ जेष्ठ मसान्त सम्म अर्थात १२० दिनको लागि नविन निर्माण सेवा खैरहनी चितवन लाई स्वीकृत रकम रु१०७७५०६९.९० ठेक्का परी २०७६।११।०४ मा सम्झौता भइ यस न.पा. को धरौटी खातामा रु.७१५२८०.०० धरौटी बापतको रकम र विभिन्न मितिमा जम्मा गरेको रु. ५३८८५३५.०० बरावरको रकम मेगा बैंकमा रहेको रत्ननगर र खैरहनी न.पा.को सयुक्त खातामा जम्मा भएको देखिन्छ ।साथै यस न.पा.को नाममा एस.वि.आइ बैंकमा वैंक ग्यारेन्टी रु.५३८८५३४.०० जारी भएको देखिन्छ ।नेपाल सरकारले बन्दाबन्दी घोषणा गरेको कारण देखाई नदिजन्य प्रदार्थ उत्खन्न गर्न नसकेको भनी यस न.पा र खैरहनी न.पा.लाई विपक्षी बनाइ २०७७.०५.०५ मा सम्मानित चितवन जिल्ला अदालतमा मुद्दा दायर गरेको देखिन्छ जसको माध्यमबाट अदालतले बैक जमानत यथाअवस्थामा राख्न आदेश दिएको देखिन्छ ।नगरपालिकाले उक्त कम्पनीसँग रकम असुल गर्न कुनै प्रयास गरेको देखिएन जसको कारण नगरपालिकाको आन्तरिक आम्दानीमा नोक्सानी भएको देखियो । | | |
| २४.४. | **गाडी भाँडा** कार्यालयले फोहरमैला व्यवस्थापनको लागि श्री माता कंकाली माई उद्योग प्रा लि नागार्जुन काठमाण्डौ सँग मिति २०७६।६।१४ मा आ व ०७६।०७७ को फोहरमैला व्यवस्थापन तथा फोहरमैला शूल्क व्यवस्थापनको लागि भएको सम्झौताको ६ नं बुदा अनुसार नगरपालिकाको स्वामित्वमा रहेको ट्याक्टर १ थान र ट्रक १थान गरी जम्मा २ थान सवारी साधन प्रयोग गरेवापत २०७६ मंसिर सम्मको लागि रु ४५००० भाडा उपलब्ध गराउनुपर्नेमा सो रकम हालसम्म पनि राजश्व दाखिला नगरेको रु ४५००० र बिलम्व शूल्क रु ६३०० गरी जम्मा रु ५१३०० असुल गरी दाखिला गर्नुपर्ने रु | | ५१३००.०० |

| | | |
|---|---|---|
| २४.५. | **मूल्य अभिबृद्धि कर प्रमाणप्रत्र** श्री माता कंकाली माई उद्योग ले नगरपालिका सँग फोहरमैला बिसर्जन गर्नको लागि रु. १०६६९६८.०० (VAT बाहेक) कबोल गरी मिति २०७६/०६/१४ सम्झौता गरी सो सम्झौता अनुसार कारोबार भइसकेको अवस्था सम्म पनि उक्त कम्पनीले हालसम्म मूल्य अभिबृद्धि कर तिरेको पत्र पेश गरेको छैन । अत मूल्य अभिबृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने रु. | १३८७०५.८४ |
| २४.६. | **बिलम्व शुल्क** श्री कंकाली माई उद्योग ले नगरपालिका सँग फोहरमैला बिसर्जनका लागि ठेक्का कबोल अंक बापत तिर्न पर्ने तेस्रो किस्ता वापतको रकम रु. ५३४०००.०० जेष्ठ मसान्त भित्र तिरी सक्नु पर्ने श्रावण मसान्तमा मात्र रकम तिरेको देखिन्छ ।यसरी २ महिना ढिला गरी बुझाए वापत नियमानुसार असुल गरी दाखिला गर्नु पर्ने विलम्म शूल्क रु. | १०६८०.०० |
| २४.७. | **वडा अनुसार राजश्व संकलनको व्यवस्थाः** नगरपालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । | |

| वडा नं | जम्मा |
|---|---|
| १ | ९०३७६२३.५५ |
| २ | ५३५३७६१.३२ |
| ३ | ५८५३३६०.६६ |
| ४ | ११८८७९४.४३ |
| ५ | १५८४०००.०० |
| ६ | ७२१७५१.०० |
| ७ | २८८१०७५.०० |
| ८ | ९६४६४१.०० |
| ९ | ११६०८१८.४९ |
| १० | ११९१०१२.०० |
| ११ | ३०२८१८७.९० |
| १२ | ५५२४१३.०० |
| १३ | १४३३३६६.०० |
| १४ | २६३६७९०.०९ |
| १५ | १३११७९५.०० |
| १६ | १११३६८३.०० |
| १७ | १३१३५५२.५० |

| | | |
|---|---|---|
| २४.८. | **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५८** मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १ करोड १७ लाख ५१ हजार कर उठाउने लक्ष्य लिएकोमा यो वर्ष उक्त शिर्षकमा रु. १ करोड १ लाख ९१ हजार मात्र आम्दानी भएको छ । व्यवसायी तथा उद्योग बाणिज्य संघ सँग समन्वय गरी व्यवसाय कर असुलीलाइ प्रभावकारी बनाउने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| २४.९. | **कृषिमा आय करः** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि निजहरुको स्वयं घोषणाको आधारमा कृषि आयमा कर लगाई असूल गरिने उल्लेख छ । तर नगरपालिकाले यसवर्ष यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन् । | |
| २४.१० | **रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |

| | | |
|---|---|---|
| २४.११. | **सवारी साधन करः** नगरपालिकाको आर्थिक ऐन २०७५ को दफा ७ मा सवारी साधन कर अनुसुची ६ का दरले कर लगाई सवारी साधन कर असुल गरिने व्यवस्था रहेको छ। नगरपालिकाले आ.व २०७५/०७६ मा सवारी साधन कर (साना सवारी) शिर्षकमा रु.२ लाख कर उठाउने लक्ष्य लिएकोमा रु.१०००.०० मात्र प्राप्त भएकाले करको दायरा बृद्धि गरी सवारी कर उठाउनु पर्दछ । | |
| २४.१२. | **बहाल करः** नगरपालिकाले यो बर्ष घर वहाल कर बापत रु. ८७४५२८६.०० आम्दानी गरेको देखिन्छ । नगरपालिकाले वडा कार्यालयमा दर्ता भएका व्यवसायीहरूको समेत लगत राखी एकीकृत लगत तयार गरी राजस्व असुल गर्नुपर्नेमा सो बमोजिम सम्पूर्ण बहालमा लगाउने घरधनिहरूबाट कर रकम सङ्कलन हुने संयन्त्र विकास गरेको देखिएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र कर असुल गरेको छ । करको दायरा वृद्धि गरी राजस्व सङ्कलनलाई बढावा दिन वडा कार्यालयलाई प्रोत्साहन गरी निश्चित प्रतिशत रकम वडा क्षेत्रमा खर्च गर्ने अथवा वडाको सिफारिसमा योजना कार्यक्रममा खर्च गर्ने नीति अवलम्बन गरी राजस्व परिचालन वृद्धि गर्नेतर्फ कदम चाल्नु पर्ने देखिन्छ । | |
| २४.१३. | **मनोरञ्जन करः** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ४ मा चलचित्र घरहरुमा चलचित्र प्रदर्शन गर्न दर्शकहरुबाट प्रति टिकट ५ प्रतिशतका दरले मनोरञ्जन कर असुल गरी त्यस्तो करको ६० प्रतिशत स्थानीय सञ्चित कोष र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने व्यवस्था छ । नगरपालिकाले मनोरन्जनका क्षेत्र पहिचान गरी करको दायरा बढाउनु पर्दछ । | |
| २४.१४ | **अन्य करः** नगरपालिकापलिलकाले यस आ.व.मा आर्थिक ऐन अनुसार प्रर्यटन शुल्क जडिबुटी शुल्क कवाडी र जिवजन्तु कर असुल गर्ने गरेको पाइएन । अत नियमानुसार उल्लेखित कर असुल गर्नुपर्दछ । | |
| २५. | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को प्रदेश आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | |
| २६. | **राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र लगायतका कार्यहरु तोकिएको छ । राजश्व परामर्श समितिले यस आ.व.मा विभिन्न मितिमा बैठक बसी नीतिगत छलफल गरेतापनि तथ्यगत विश्लेषण गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य पुरा गर्नुपर्दछ । | |
| २७. | **व्यवसायीको लगत** नगरपालिकाले एकिकृत सम्पती कर जस्तै तवरले सबै व्यवसायीहरुको लगत SOFT WARE प्रणालीमा राखी कर असुल गर्नुपर्ने देखिन्छ । जसका माध्यमबाट व्यवसायीको कर सम्वन्धी विवरण सजिलै प्राप्त गर्न सकिन्छ । | |
| २८. | **स्थानीय तहरूको विभाज्य कोषः** प्रदेशहरुको आन्तरिक आय व्यवस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम | |

| | | |
|---|---|---|
| | स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाँड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुँदा बिभाज्य कोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्य कोषको रकम बाँडफाँड गर्नुपर्दछ । | |
| २९. | **विभाज्य कोष :** प्रदेश आर्थिक ऐन २०७५ मा मनोरन्जन विज्ञापन तथा रोयल्टी बापत प्राप्त रकमलाई विभाज्य कोषमा जम्मा गरी ४० प्रतिशत प्रदेश सरकारलाई पठाई बाँकी ६० प्रतिशत आम्दानीलाई संचित कोषमा आम्दानी जनाउनु पर्ने व्यवस्था रहेको छ । जसअनुसार यस आ.व. मा कार्यालयले विज्ञापन बापत रु. ४३१३५००.०० र रोयल्टी बापत रु.३२२७६४६.४४ गरी जम्मा रु.६६४११४६.४४ आम्दानी गरेको देखिन्छ ।नियमानुसार संकलित रकमको ४० प्रतिशत ले हुन आउने रकम रु.२६५६४५८.५८ प्रदेश सरकारको सञ्चित कोष जम्मा गरेको छ । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३०. | **उपभोक्ता समितिः** नगरपालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ ।तसर्थ विवरण राख्ने कार्यमा सुधार हुनुपर्दछ । | |
| ३०.१. | **निर्माण कार्यको अभिलेखः** नयाँ निर्माण वा मर्मत सम्भार गर्दा सो स्थान पहिचानको लागि चेनेज नं. सकेसम्म धेरैले चिन्न र देख्न सक्ने ठाउँ वा वस्तुको नाम उल्लेख गरी अनुगमन मूल्याङ्कन गर्न सहज हुने गरी राख्नुपर्ने देखिन्छ । निर्माण कार्यको अभिलेख एकीकृत गरी आर्थिक बर्ष, स्थान र अन्य आवश्यक विवरण समेत खुल्ने, दोहोरो वा यथार्थ गरेको कामको परिमाण भन्दा बढी भुक्तानी भएको छैन भनी विश्वस्त हुने गरी अभिलेख राख्ने व्यवस्था हुन आवश्यक देखिन्छ । | |
| | **नगरपालिका पुँजिगत** | |
| ३१. | **सडक बत्ति** सडक बत्ति मर्मत संभार बापत निम्नानुसार खरिद बिल एवं मर्मत ज्याला डोर हाजिर फारमको आधारमा खर्च लेखेको छ । मर्मत संम्भार भएको क्षेत्र, बत्ती विवरण खुल्ने कार्य सम्पन्न विवरण बेगर खर्च लेखेकोले प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | २१४८२५६ |

| भौ.नं.मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १३-०७६/७/५ | वडा नं.११ सडक बत्ती मर्मत कार्य | १४५५०० | |
| १४-०७६/७/५ | वडा नं.२ सडक बत्ती मर्मत कार्य | ३९७६० | |
| २०-०७६/७/१८ | वडा नं.७ सडक बत्ती मर्मत कार्य | १२०४० | |
| २२-०७६/७/१८ | वडा नं. ७ सडक बत्ती मर्मत कार्य | १२८८० | |
| ३५-०७६/८/५ | वडा नं.१ सडक बत्ती मर्मत कार्य | ११७०८८० | |
| ३६-०७६/८/११ | वडा नं.३ सडक बत्ती मर्मत कार्य | ५५१३० | दाखिला सम्म भएको |
| ३७-०७६/८/१२ | वडा नं.१२ सडक बत्ती मर्मत कार्य | ७८८२५ | |
| ३८-०७६/८/१२ | वडा नं.१२ सडक बत्ती मर्मत कार्य | २११७५ | |
| ४०-०७६/८/१३ | वडा नं.१ सडक बत्ती मर्मत कार्य | ६४०० | |
| ४३-०७६/८/१८ | वडा नं.१४ सडक बत्ती मर्मत कार्य | १६२०० | |
| ४७-०७६/९/१ | वडा नं.४ सडक बत्ती मर्मत कार्य | ७५००० | एउटै खाता पाना नं. मा दाखिला |
| ४८-०७६/९/२ | वडा नं.५ सडक बत्ती मर्मत कार्य | १४५००० | एउटै खाता पाना नं. मा दाखिला |
| ७६-०७६/९/२७ | वडा नं.३ सडक बत्ती मर्मत कार्य | १००००० | एउटै खाता पाना नं. मा दाखिला |
| १५०-०७६/१२/७ | वडा नं.६ सडक बत्ती मर्मत कार्य | १४९९९० | एउटै खाता पाना नं. मा दाखिला |
| १७३-०७७/१/२९ | वडा नं.१४ सडक बत्ती मर्मत कार्य | ११२६ | एउटै खाता पाना नं. मा दाखिला |
| २९६-०७७/३/११ | वडा नं.७ सडक बत्ती मर्मत कार्य | ११८३५० | एउटै खाता पाना नं. मा दाखिला |
| | जम्मा | २१४८२५६ | |

| | | |
|---|---|---|
| ३२. | | |

| | | |
|---|---|---|
| ३३. | **बढी भुक्तानी** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा बिल भरपाई सहितको खर्च लेखुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष निम्नानुसारको योजनाको भुक्तानी दिदा कार्य सम्पन्न परिमाण भन्दा बढी रकम भुक्तानी भएको आन्तरिक लेखापरीक्षणमा औल्याएको छ । अत बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रकम | ११६३०१.०० |

| भौचार नं. | योजनाको नाम | बढि रकम |
|---|---|---|
| २०५/२०७७.२.१८ | दोबाटो कालिका मार्ग | १०९०४६.०० |
| ३८२/२०७७.३.२९ | अकुट नेपाल प्रा.लि. | ५००५.०० |
| ४०४/२०७७.३.३० | इस्ट्रेन्थ इन्जिनेयरीङ्ग प्रा.लि. | २२५०.०० |
| | | ११६३०१.०० |

| | | |
|---|---|---|
| ३४. | **सोझै खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा शिलबन्दी दरभाउपत्र आह्वान गरी प्रतिस्प्रर्धाको माध्यमद्धारा खरिद गर्न सक्ने व्यवस्था छ । त्यस्तै गरी नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु ५ लाख भन्दा बढीको निर्माण कार्य वा मालसामान एकै व्यक्ति फर्म वा कम्पनीबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष वार्षिक खरिद योजना नबनाइ विभिन्न आपूर्तिकर्ता बाट खरिद गरेको छ ।खर्चको फाँटवारी अनुसार फर्निचर तथा फिक्चर्स मा रु.७०२४६०५.०० र कम्पुटर तथा प्रिन्टर लगायत मेशिनरी औजार मा रु. ४७९५३२०.०० गरी जम्मा रु. ११८१९९२५.०० खर्च गरेको देखिन्छ । उक्त खर्च मध्ये भौ नं. १०४/२०७६.११.६ बाट शिलवन्दी दरभाउपत्र मार्फत रु.१७७१७५२.०० खरिद गरेको बाहेक रु.१००४८१७३.०० खुला दरभाउपत्रबाट खरिद गरेको देखिन्छ । वडागत बजेटको वडाबाट समेत खरिद भइ नगरपालिकाबाट भुक्तानी हुने एंव कर्माचारी पदपूर्ति हुदा तत्काल खरिद गर्नुपर्ने लगायतको कारणबाट खुला दरभाउ पत्रबाट खरिद गरेको कार्यालयले जनाएको छ । वर्षभरी आवस्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाइ बोलपत्रको माध्यमद्धारा प्रतिष्पर्धा गराइ खरिद गर्नुपर्नेमा खुला दरभाउपत्रबाट खरिद गरेको रु. | १००४८१७३.०० |
| ३४.१. | **वडा कार्यालयहरुवाट खरिदः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार नियम ४६ र ४७ वमोजिम लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो संभार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यलय प्रमुखको हुने व्यवस्था छ । यस वर्ष खरिद गरेका कतिपय फर्निचर, कम्प्युटर लगायतका सामान वडा कार्यालयबाट खरिद गर्ने र सो को भुक्तानी नगरपालीकाबाट हुने गरेको पाइयो । यसरी खरिद गरेका सामान वडा कार्यालयमा नै दाखिला भएको भनी नगरपालिकाको मुल जिन्सी खातामा आम्दानी जनाउने गरेको देखिएन । यसरी नगरपालिकाको मूल जिन्सि खातामा आम्दानी नजनाउदाँ नगरपालिकाको वास्तविक सम्पती एकिन हुने अवस्था नरहने हुदा सवारी साधन, फर्निचर, कम्प्युटर लगायतका खर्च नहुने सामान नगरपालिकाबाट नै खरिद गरी मुल जिन्सी खातामा आम्दानी जनाएर सहायक जिन्सी खाता राखी वडा कार्यालयहरुमा हस्तान्तरण हुनुपर्ने देखिन्छ । | |
| ३५. | **पुरानो नर्मस प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्मसको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार नगरपालिकाले सडक विभागले स्वीकृत गराएको सडक तथा पुल सम्वन्धि २०७२ मा जारी गरेको नर्मस प्रयोग गरेको छ । उक्त नर्मस परिमार्ज गरी २०७५।४।२५ मा नेपाल सरकारबाट स्वीकृत भई सकेकोमा नगरपालिकाले परिमार्जित नर्मस प्रयोग नगरी पुरानै नर्मसको आधारमा सडक निर्माण सम्वन्धी कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराएको दखियो । पुरानो नर्मस अनुसार प्राइम कोट र ट्याक कोट बर्ग मिटरमा मूल्य दर कायम गरी प्रयोग गरी नगरपालिकालाई बढी व्यवभार परेकोले नया नर्मस प्रयोग गर्नु पर्दछ भनी गत वर्ष औल्याएकोमा | |

तत्काल सुधार नगरी आ.व. २०७७।०७८ बाट मात्र उक्त कार्यमा सुधार गरेको छ ।

३६. **मु.अ.कर मा ५० प्रतिशत कट्टी** आर्थिक विधेयक २०७६ले मुल्य अभिबृद्धि कर ऐन २०५२ मा गरेको संशोधनको व्यवस्था साथै मुल्य अभिबृद्धि कर नियमावली २०५३ मा भएको एक्काइसौं संशोधन अनुसार मुल्य अभिबृद्धि कर समेतको रकम भुक्तानी गर्दा ५० प्रतिशत मुल्य अभिबृद्धि कर वापतको रकम कार्यालयले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको कार्यमा सो अनुसार मू.अ. कर कट्टी नगरेको रु. ३६२५०६.४५

| भौ.नं.मिति | विवरण | भुक्तानी | मु.अ.कर | ५०%हुने |
|---|---|---|---|---|
| ३२-०७६/७/२२ | पि के निर्माण सेवा (भवन निर्माण १५) | ३२८८०४६ | ३७८२७०.८२ | १८९१३५.४१ |
| ९४-०७६/१०/२१ | कृष्ण मन्जु कन्स्ट्रक्सन (भवन निर्माण ८) | १६५६२५० | १९०५४२.०९ | ९५२७१.०४ |
| १५-०७६/७/६ | जियोकम इन्टरनेशनल (ड्राइङ्ग डिजाइन) | १३५६००० | १५६००० | ७८००० |
| जम्मा | | ६३००२९६.० | ७२४८१२.९१ | ३६२५०६.४५ |

३७. **सम्वन्धित पक्षलाई भुक्तानी** आर्थिक कार्यविधि नियमावली २०६४ मा सार्वजनिक निकायले प्रचलित कानून बमोजिम नेपाल भित्र वा बिदेशबाट मालसामान वा सेवा खरिद गर्दा सोझै सम्वन्धित बिक्रेतालाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्नानुसार सोधभर्ना भुक्तान गर्दा सम्बन्धित संस्थालाई रकम भुक्तानी दिनुपर्नेमा व्यक्तिले लिएको उपयुक्त देखिएन ।

| भौ.नं.मिति | विवरण | रकम |
|---|---|---|
| ७४-०७६/९/२५ | वडा सचिव राजशरण न्यौपाने लाइ सोधभर्ना | ४५६७० |
| ८२-०७६/१०/७ | क.अ सन्तोष दवाडी सोधभर्ना खर्च | ९९८३७ |
| | जम्मा | १४५५०७ |

३८. **शिर्षक फरक पारेकोः** आर्थिक कार्यविधी नियमावली २०६४ मा शिर्षक फरक पारी खर्च गर्न नहुने व्यवस्था गरेको छ ।नगरपालिकाले विनियोजित शिर्षकमा खर्च लेखुपर्नेमा पुँजिगत प्रकृतिका बजेटलाई चालु प्रकृतिको कार्यमा खर्च गरेको उपयुक्त नदेखिएको रकम २७३२२५.००

| भौ.नं.मिति | शुरुको शिर्षक | रकामान्तर शिर्षक | रकम |
|---|---|---|---|
| १७६-०७७/१/३० | ८ अन्य सार्वजनिक निर्माण | विविध खर्च | ८१४२५.०० |
| | विपिन्न तथा एकल महिलाहरुका लागि स्वरोजगार कार्यक्रम | पिठुवा सिंचाई जल उ.स. लाई इन्धन प्रयोजन | १०००००.०० |
| | विपिन्न तथा एकल महिलाहरुका लागि स्वरोजगार कार्यक्रम | वडा कार्यालय विविध खर्च | ९१८००.०० |
| जम्मा | | | २७३२२५.०० |

३९. **नापजाँच** सार्वजनिक खरिद नियमावली २०६३ मा निर्माण कार्यको नापजाँच गरी सो बमोजिम कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले विभिन्न योजनाको स्टील वर्कमा सबै परिमाण गणना नगरी एकमुष्ट राख्ने गरेको देखिएकोले गणना अभिलेख पेश हुनुपर्ने रु. १२३९५१४.९६

| भौ.नं.मिति | योजनाको नाम | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १७१-०७७/११/२६ | पडरिया कुलो निर्माण | १४२० के जि | १०७.४२ | १५२५३६.४० |
| १७७-०७७/१/३१ | सेरी घोलमा तथा पंचकन्या नहर | ७५५.५६ के जि | १०७.४२ | २०००७८.९६ |
| | वडा कार्यालय भवन निर्माण ११ | ४८८६.०४ | २०७.४२ | ५२४८५८.५१ |
| २९८-०७७/३/११ | मोज्याक टायल नाला निर्माण रत्ननगर १ | १०८३.३० | १०७ | ११६३६८.०९ |
| ३०९-०७७/३/१७ | हरिहर संस्कृत विद्यालय | २२८७.०४ | १०७ | २४५६७३ |
| जम्मा | | | | १२३९५१४.९६ |

४०. **बढी भुक्तानी** आर्थिक कार्यविधि नियमावली २०६४ मा विल भरपाई सहित भुक्तानी दिनुपर्ने उल्लेख छ ।नगरपालिकाले निम्नानुसार निर्माण कार्यलाई भुक्तानी दिदा बढी भुक्तानी दिएको छ ।

४०.१. नगरपालिकाले झुवानी कुलो पक्की सिंचाई निर्माण उ.स को लागत अनुमान रु.२४८६१६७ भै उपभोक्ता समितिसँग रु.२४१३७५४.३८ को सम्झौता भएकोमा रु.२४१३७०३ को कार्य सम्पन्न भै यस शिर्षकको भौ.नं.१७८-०७७/१/३० बाट रु.७५०००० खर्च भएको देखिन्छ । अन्य श्रोतको

खर्च सम्बन्धमा स्पष्ट नहुनाका साथै गुणस्तर परिक्षण प्रतिवेदन संलग्न भएको देखिएन । योजनामा फलामको काम ५०५७.९१ के जि भएकोमा प्रतिकेजि जिल्ला दर रु.१०७.४२ का दरले खर्च लेख्नुपर्नेमा ११२.९६ का दरले खर्च लेखेकोले बढी भुक्तानी भएको रु. २८०२०.८२

४०.२. सिसुवार केनल सिँचाई योजनाको सम्झौता रकम रु.२०६३८०९.०२ मा कार्य सम्पन्न रु.२०६३७१९.२२ भइ नगरपालिका तर्फ खर्च भौ.नं.१८२-०७७/१/३१ बाट रु.६३९०००.०० खर्च लेखेको मा निम्नानुसार बढी भुक्तानी भएको रु. २४२१८.६५

| विवरण | परिमाण | भुक्तानी दर | न.पा दर | रकम |
|---|---|---|---|---|
| Stone solling work | २९.७६ | ३२०२ | २९७० | ६९०४.३२ |
| Reinforcement work | ३९६२.०१ | १११.७९ | १०७.४२ | १७३१४.३३ |
| जम्मा | | | | २४२१८.६५ |

४०.३. दोबाटो कालिका मार्ग कालोपत्रे मर्मत कार्यको लागत अनुमान रु.९०१४९५.७६ रहेकोमा रु.९१४७७७.८४ को कार्य भई भौ.नं.२०५-०७७/२/१८ बाट रु.९०१४९५ भुक्तानी भएकोमा सडकबोर्ड तर्फको शिर्षकबाट भुक्तानी हुने उल्लेख भएकोमा यस शीर्षकबाट दिएको एवं अल्सफाल्ट कन्क्रिट ३८.६९ घ.मी.को रु. १६०१८.१३ का दरले रु.६१९७४९.१८ भुक्तानी दिनुपर्नेमा १६८४५.०९ का दरले रु.६५१६९४.४२ दिएकोले बढी भुक्तानी रु. **३१९४५.२४**

४१. **जडान उपयोगः** शिव शम्भु विकास संस्था वडा नं.१४ मा सिँचाई कालोपत्रे पाइप उपलब्ध गराएको भनी वडा नं.१४ को सिफारिस र प्राविधिक मुल्याङ्कन संलग्न गरी भौ.नं.२१८-०७७/२/२२ बाट रु.१००००० भुक्तानी भएको तर प्राविधिक मुल्याङ्कन लगायत जडान र प्रयोग नखुलेको रु. १०००००.००

४२. **जडान** विपन्न वर्गलाई शौचालय निर्माण बापत १३२ रिङ र २२ ढकन समेत को भौ.नं.३५९-०७७/३/२७ बाट रु.१२४००० भुक्तानी भएकोमा जडान भरपाइ सम्वन्धि कागजात पेश गर्नुपर्ने देखिन्छ ।

## स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम

४३. **लक्ष्य प्रतगि :-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ९ परियोजना संचालन गर्न रु ३० करोड बजेट प्राप्त भएकोमा रु. २३ करोड खर्च भई ७६ प्रतिशत भौतिक प्रगति भएको छ ।

रु हजारमा

| क्र.स | आयोजनाको नाम | आयोजनाको प्रकार | कुल बजेट | कुल खर्च | वित्तिय प्रगती |
|---|---|---|---|---|---|
| १ | एकारत्त आचार्यको घरछेउ बाट जसपाल मन्दीर हुनै जाने सडक उन्ननती | सडक | ३६२२ | १३६८ | ३७.७७ |
| २ | एकारत्त आचार्यको घरछेउ बाट जसपाल मन्दीर हुनै जाने सडक उन्ननती | सडक | ११५० | ५९७ | ५१.९१ |
| ३ | रत्तनगर अस्पताल | भवन | २००० | २००० | १०० |
| ४ | शान्तिचोक सामुदायिक भवन र शौचालय निर्माण | भवन | १५०० | १५०० | १०० |
| ५ | हादटोल विकास संस्था भवन निर्माण | भवन | १००० | १००० | १०० |
| ६ | महिला आमा समुह भवन निर्माण | भवन | १००० | १००० | १०० |
| ७ | केशव आचार्यको घरछेउको बाटो निर्माण | बाटो | २००० | ०० | ० |
| ८ | हरी खनालको धर देखि उत्तर सडक स्तरोन्नि | बाटो | १८०० | ०० | ० |
| ९ | लोरीघोल बागेश्वरी मन्दिर सत्तल निर्माण | मन्दिर | १५००० | १५००० | १०० |
| १० | भुपु सैनिक भवन निर्माण | भवन | १००० | १००० | १०० |
| जम्मा | | | ३००७२ | २३५६५ | |

४३.१. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने र स्थीय तहको स्वीकृती पश्यात योजना संचालन गर्नुपर्न व्यवस्था रहेता पनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ जसले स्थानीय आवस्यकताको सम्वोधन नहुनसक्ने

| | | |
|---|---|---|
| | भएकाले नगरपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ । | |
| | **जिल्ला समन्वय समिति तर्फ** | |
| ४४. | **प्रशासकिय भवनः** लागत अनुमान रु.१५८७८६४३/- रहेको नगरपालिका प्रशासकिय भवन निर्माण गर्न श्री सिद्धबाबा निर्माण व्यवसायीसँग मिति २०७१/२/४ मा जिल्ला प्राविधिक कार्यालयले रु.१३१५६५६३/- को सम्झौता गरेको देखिन्छ । जिल्ला प्राविधिक कार्यालय मार्फत सम्झौताको म्याद २०७५ अषाढ सम्म थप गरेकोमा नगरपालिका बोर्ड बैठकबाट२०७६।०८।३० सम्म म्याद भएको छ । विगतमा भुकम्प, मधेश आन्दोलन, नाकाबन्दी, जनशक्ति अभाव, निर्माण सामाग्री अभाव जस्ता कारण बाट म्याद थप गरेकोमा नगरपालिकाले कारण उल्लेख नगरी म्याद थप गरेको देखिन्छ । म्याद थप गर्दा सार्वजनिक खरिद ऐन नियमावलीको अनुसार प्रर्याप्त विश्लेषण गरेको देखिदैन । | |
| ४५. | **अग्रिम कर** पि के निर्माण सेवालाई भौ नै. ७ र ३२ बाट अग्रिम कर बापत रु. ४३६४६.०० कट्टी गर्नुपर्नेमा ३३७७५.०० मात्र कट्टी भएकाले बाँकी रकम रु. ९८७१.६३ असुल गरी दाखिला गर्नुपर्ने रु. | ९८७१.६३ |
| ४६. | **अनुदानः** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार अनुदानबाट संचालित कार्यक्रमको अनुगमन एवं प्रगति विवरण माग गरी विश्लेषण गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले गैरसरकारी संस्था जमुनापुर हेल्थ सोसाइटीको भवन निर्माण गर्न रु.१०००००० उपलब्ध गराएकोमा संस्थाको क्रियाकलाप त्यसबाट नगरबासीले निशुल्क वा सुपथ मुल्यमा पाउने सेवा सम्बन्धमा अनुगमन गरी अनुदान रकमको आवश्यकता र औचित्य खुल्ने प्रतिवेदन तयार गरिनु पर्दछ । | |
| | **क्रमागत योजनाहरु** | |
| ४७. | **आनुपातिक कट्टीः** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार सार्वजनिक निकायले विल भरपाइको अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ ।जसअनुसार नगरपालिकाले निम्नानुसारको भुक्तानीमा कम कार्यसम्पन्न भएका कार्यका लागि आनुपातिक रकम कट्टी नगरी पुरै रकम भुक्तानी भएको छ । | |
| ४७.१. | सतहीपक्की नाला निर्माण योजनाको कन्टेन्जेन्सी बाहेकको लागत अनुमान रु.२४८४५१५.९४ रहेको र सो कार्य भए रु.२१३४००० भुक्तानी दिनुपर्नेमा रु.२३४५८७९ को कार्य भइ भौ.नं.४-०७६/६/६ बाट रु.२१३४००० भुक्तानी भएकोले आनुपातिक हिसाबले बढी भुक्तानी रु. | ११९०७७ |
| ४७.२. | वडा नं.३ काशिलाला ८ कृष्ण डल्लाकोटीको घर सम्म बाटो कालोपत्रे गर्ने कार्यको कन्टेन्जेन्सी बाहेकको लागत अनुमान रु.४६८४७२ रहेको र सो कार्य गरे बापत उ.स लाई रु.३८८००० दिनुपर्नेमा रु.३८८९४० को कार्य भएकोमा रु.३२२१२९ दिएकोले बढी भुक्तानी रु. | ६५८७०.०० |
| ४७.३. | सुभप्रभात टोल कालोपत्रे कामको भौ.नं. १७/२०७७.६.६ बाट भुक्तानी दिदा सम्पन्न काम को मूल्याङन भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने | ८९९२.९७ |
| | **विषयगत शाखा पुँजिगत** | |
| ४८. | **सोझै निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली २०६४ मा रु ५ लाख माथीको खरिद कार्य गर्दा सोझै खरिद गर्न नहुने व्यवस्था रहेको छ।नगरपालिकाले एउटै स्थानमा कार्य गर्दा पटक पटक गरी सोझै खरिद गरेको पाइयो । साथै भुक्तानी दिदा आर्थिक ऐन अनुसार मु.अ. कर को ५० प्रतिशत कट्टी गरेको नदेखिएको रु. | ९३८१६ |

| भौ.नं.मिति | विवरण | निर्माण व्यवसायी | रकम | मु.अ.कर | ५० % म |
|---|---|---|---|---|---|
| २३-०७६/९/११ | ल्यावमा सामान खरिद | जियो टेक एण्ड हाइड्रो ओभरसिज प्रा.लि | ४८४८८३ | ५५७८३ | २७८९१ |
| २४-०७६/९/११ | वडा नं.११ मंगलपुर ल्याण्डफिल्ड साइड व्यवस्थापन | अनेष्ट कन्स्ट्रक्सन | ३८९८५० | ४४८५० | २२४२५ |
| ४१-०७७/२/१६ | ल्याण्डफिल्ड साइड व्यवस्थापन | | २८०४३२ | ३२२६२ | १६१३१ |
| २५-०७६/१०/१२ | प्रयोगशाला निर्माण | पन्चकन्या विल्डर्स प्रा.लि | ४७५८०४ | ५४७३८ | २७३६९ |
| **जम्मा** | | | १६३०९६९ | १८७६३३ | ९३८१६ |

| | | |
|---|---|---|
| ४९. | **बढी भुक्तानी** प्रदेश सरकार समपुरक अनुदान म्याचिङ्ग फण्ड शिर्षकबाट लागत अनुमान रु. १९१२२२२२.०६ रहेको सौरहा चोक बसपार्क निर्माण को श्री कृष्ण मन्जु कन्स्क्ट्रनलाइ प्रथम रनिङ्ग विल वापत भुक्तानी गर्दा स्टोन कर्भ राख्ने कामको लागत अनुमान रु. १५९४ हुन आउनेमा १६७९ दरले भुक्तानी गरी बढी भुक्तानी भएको रु. ८५ ले १६५.०५ घ.मी. परिमाण को बढी रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | १४०२९.२५ |
| ५०. | आकाशेपुल निर्माण को कुल लागत अनुमान रु.२६१८७५७७.७१ रहेकोमा ठेक्का व्यवस्थापन मार्फत श्री हिम सगरमाथा सँग रु.२४२१४५३३.४६ को सम्झौता भइ श्री हिम सगरमाथा कन्स्ट्रक्सन प्रा.लि. लाई रु.११०८५०५० भुक्तानी दिएको छ । २०७६/११/३ मा शुरु भई २०७७/२/१५ मा सम्पन्न हुनुपर्नेमा प्रथम रनिङ बिल बाट रु.१४८३९८५५ भुक्तानी भएको छ । असाढ मसान्त सम्म प्रथम रनिङ बिल बापत रु.१४८२९८५५ प्राप्त भएको छ । पुँजिगत तर्फको भौ.नं.४४४ बाट रु.४२००००० समेत हाल सम्म रु.१५२८५०५० (रु.४४५३९५ कन्टेन्जेन्सी समेत) खर्च भएको छ । | |
| | **प्रदेश पुर्वाधार कार्यक्रम पुँजिगत** | |
| ५१. | **बढी भुक्तानीः** रत्ननगर नगरपालिका अन्तर्गत वडा नं.८,१४ र १६ मा डिपबोरिङ्ग निर्माण तथा जडान सम्बन्धी कार्यको लागि प्रदेश सांसदबाट रु.२१००००० बजेट विनियोजन भएको छ । सो कार्यको लागि रु.२२७१३१५.८७ लागत अनुमान तयार गरेको छ । योजना सम्पन्न पश्चात प्राविधिक नापजाँच तथा कार्यमुल्याङ्कन गर्दा रु.२२२१७०६.६१ (९७.८ प्रतिशत) को कार्य सम्पन्न भएको देखिन्छ । योजना सम्झौता अनुसार नगरपालिकाले व्यहोर्ने रकम २०३७००० मध्ये ९७.८ प्रतिशतले हुने रकम रु.१९९२३८९ मा रु.६३००० कन्टेन्जेन्सी जोडी रु.२०५५३८९.७० मात्र खर्च लेख्नु पर्नेमा भौ.नं.१२-०७७/३/२५ बाट रु.२१००००० नै खर्च लेखी बढी भुक्तानी भएको रु.४४६१०.३ असुल गर्नुपर्ने रु. | ४४६१०.३ |
| ५२. | **संचार सामाग्री** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा कुनै पनि निर्माण कार्य वा सो सम्वन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको कार्यको लागि मात्र उपभोक्ता समितिबाट गराउन सक्ने उल्लेख छ । साथै सोहि नियमावली को नियम ३१ (१) मा सार्वजनिक निकायले बिसलाख रुपयाँ भन्दा बढी लागत भएको निर्माण कार्य मालसामन वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूजिँगत तर्फ चितवन सामूदायिक संचार सहकारी संस्थाको भौतिक पूर्वाधार विकास तथा उपकरण खरीदका लागी मिति २०७६.०२.१६ मा भई मिति २०७७.०३.१७ मा कार्य सम्पन्न भइ रु. ३००००००.०० भुक्तानी लागि पेश भएको छ ।नियमानुसार उपभोक्ताको प्रत्यक्ष लाभ हुने योजना तथा कार्य मात्र उपभोक्ता समितिबाट गराउन सकिने तथा रु. २० लाख भन्दा माथी रकमको खरिद कार्य खुला बोलपत्रद्धारा खरिद कार्य गरिनु पर्नेमा सो गरेको पाइएन। नियमानुसार कार्य नगरी उ.स. को माध्यमबाट सोझौ खरिद गरी रकम भुक्तानी भएको छ । अत यस्ता प्रकृतिका कार्य नगरपालिकाले सम्पन्न गरी सम्वन्धित पक्षलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । | |
| | **प्रदेश सरकार बाट हस्तान्तरीत चालु खर्च** | |
| ५३. | **बढी भुक्तानी** बालविवाह विरुद्धको रंगिन पर्चा छपाई भ्याट बाहेक प्रति पर्जा रु ८ मा ८००० प्रति छापेर भौचर नं. ३६ मिति २०७७.०३.२६ बाट रु.६४०००।०० सिद्धवावा अफसेट लाई भुक्तानी दिएकोमा सोहि कार्यक्रम अन्तर्गत भौ नं २० मिति २०७७/०३/८ बाट भ्याट बाहेक प्रति पर्जा रु १२ मा ५००० प्रतिको रु. ६००००.०० भुक्तानी दिएको छ । प्रति पर्जा रु. ४ का दरले बढि भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | २००००.०० |
| | **नगरपालिका चालु** | |

५४. **वितरणमुखी कार्यक्रममा खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ बमोजिम वितरणमुखि कार्यक्रमलाई निन्यन्त्रण गरि आयव्यय सम्वन्धी कारोबारको लेखा जिम्मेवारीपूर्वक राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त कार्य नगरी निम्नानुसारको कार्यक्रममा रु. ८०९३६५.०० खर्च लेखेको छ । बितरणमुखी कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौ.नं. मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २३-०७६/५/२२ | | कृष्ण प्रणामी सेवा समिति | १९९७० |
| २०-०७६/५/२३ | तिज गित प्रतियोगिता | | १२००० |
| १०१-०७६/६/८ | बाल दिवस सप्ताह मनानउ | रमेशलाल ताम्राकार | ४५००० |
| १२२-०७६/६/९ | वडा दशैंको उपलक्ष्यमा खेलकुद कार्यक्रम | पिठुवा खेलकुद विकास समिति | ६५००० |
| १३४-०७६/६/१० | लाखे नाच प्रदर्शन | कल्पनाटोल विकास संस्था | २०००० |
| १५३-०७६/२/२९ | जितिया पर्व मनाउन | महरजिया चौधरी | ३५००० |
| १५७-०७६/६/३० | दशैंमा ब्याटमिटन प्रतियोगिता | सन्तोष थापा | २०००० |
| २५२-०७६/७/१८ | जेष्ठ नागरिक धार्मिक भ्रमण | सुर्य प्रसाद ढुँगाना | ९०००० |
| २६३-०७६/७/२० | दशैंमा खेलकुद कार्यक्रम | पिठुवा खेलकुद समिति | ९९४०० |
| ३१८-०७६/८/५ | जेष्ठ नागरिक भ्रमण | सुर्य प्रसाद ढुँगाना | १००००० |
| ३४०-०७६/८/११ | दशैंको अवसरमा फुटवल प्रतियोगिता | चितवन जिल्ला फुटवल सँघ | ५०००० |
| ३८५-०७६/८/२० | सौराहा रेष्टुरेन्ट एण्ड बार एशोसिएसनको अवलोकन भ्रमण | सौराहा होलिडे ट्राभल | १५०० |
| ४२७-०७६/९/११ | बालमैत्री तथा अवलोकन भ्रमण | गोपाल प्रसाद भट्टराइ | ९६४९५ |
| ४७७-०७६/९/३० | किर्तन सामाग्री खरिद | परम आनन्दन किर्तन समाज | ५०००० |
| ४८८-०७६/९/२१ | घाट व्यवस्थापन | छठि माई सेवा समिति | ३०००० |
| ४९५-०७६/९/२३ | थारु ड्रेस खरिद | बकुलहर थारु महिला समुह | २५००० |
| | | | ८०९३६५.०० |

५५. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ बमोजिम वितरणमुखि कार्यक्रमलाई निन्यन्त्रण गरि आयव्यय सम्वन्धी कारोबारको लेखा जिम्मेवारीपूर्वक राख्नुपर्ने व्यवस्था छ । गो भौ नं. १२२३/०७७.३.१९ १३८३/०७७.३.१९ बाट लिचि आप कटहर आदी खरिद गरी ३०८८७५.०० खर्च लेखेको छ । खरिद गरिएका विरुवा हरु सामुहिक रुपमा वितरण नगरी एकमष्ट रुपमा सम्वन्धित टोलको एक जना व्यक्तिले बुझेको भरपाई पेश भएको रु. ३०८८७५.००

५६. **मु.अ करमा दर्ता नभएकोसँग खरिदः** सार्वजनिक खरिद नियमावली २०६३ को नियम १९(२) सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्रापत व्यक्ति फर्म वा कम्पनीबाट मात्र खरिद कार्य गराउनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले निम्नानुसारको कार्य गराउदा प्यानमा दर्ता भएका फर्मबाट कार्य गराइ रु. १५०५२८९ खर्च लेखेको छ । अत नियममा व्यवस्था भए अनुसार खरिद प्रकृया अवलम्वन गरी खरिद गर्नुपर्ने देखिएको रु. १५०५२८९.००

| भौ.नं. मिति | विवरण | फर्म | रकम | कैफियत |
|---|---|---|---|---|
| ५६-०७६/५/२४ | गाडी मर्मत | विरेन्द्र अटो वर्कसप | १०३५७५ | ६ वटा बिल |
| ११४-०७६/६/८ | | | ६६१५० | ४ वटा बिल |
| २९७-०७६/८/२ | पंखा विजुली सामान खरिद | दुलाल लाइट हाउस | २५३३९ | ३ वटा बिल |
| ३०८-०७६/८/४ | कम्प्युटर सम्बन्धी सामान | रोहित कम्प्युटर | ८६७५० | ९ वटा बिल |
| ३३८-०७६/८/१० | जेनेरेटर मर्मत | मेकानिकल इलेक्टिक वर्कसप | ३२३०० | २ वटा बिल |
| ३४७-०७६/८/२२ | विजुलीका समान | पराजुली इलेक्ट्रिक वर्कसप | १७८८२५ | ९ वटा बिल |
| ४२०-०७६/९/१० | कम्प्युटर सामान | राहीत कम्प्युटर | ५४६५० | ७ वटा बिल |
| | | नेट मोबाइल कम्प्युटर | ६०९८० | ४ वटा बिल |
| ४६३-०७६/९/१७ | कार्यालय सम्बन्धि खर्च | पिठुवा शैक्षिक सामाग्री केन्द्र | ५०००० | ४ वटा बिल |
| १२३१-०७६/३/१८ | घलेक पछ्यौरी खरिद | पशुपति फेन्सी स्टोर | १५०००० | ८ वटा बिल |
| १२३८-०७७/३/२५ | कम्प्युटर सामान | रोहित कम्प्युटर | २३८००० | १६ वटा बिल |
| १३८८-०७७/३/२७ | स्टेशनरी सामान | शंकर स्टेशनरी | ३९९७५ | |
| १४०६-०७७/३/२८ | कार्यालय सामान | न्यु नेशनल बुक्स स्टेशनरी | २७५०० | १ वटा बिल |
| १४१४-०७७/३/२८ | ४ थरी कपडा सामान | | १०१४४५ | ५ वटा बिल |
| १४२७-०७७/३/२९ | कम्पोष्टबिन खरिद | महाशक्ति ढुवानी सेवा | १४३६०० | ८ वटा बिल ५५ थान |
| १४३९-०७७/३/२९ | फोटोकपी पेपर | सिन्धु स्टेशनरी एण्ड पुजा सामाग्री भण्डार | ४६२०० | ३ वटा बिल |
| १४५५-०७७/३/२९ | खेलकुद सामाग्री | न्यु नेशनल बुक्स एण्ड स्टेशनरी | १००००० | |
| **जम्मा** | | | १५०५२८९ | |

५७. वडा नं.१६ पिठुवा सिँचाइ जल उपभोक्ता संस्थालाई नरहमा पानी संचालन गर्न स्काभेटरमा ११८१ लि. तेल प्रयोग भए बापत रु.१००००० मा अग्रिम कर रु.१५००/- कट्टी गरी भौ.नं.११८४-०७७/३/१२ बाट भुक्तानी दिएको छ । स्काभेटर संचालन गर्दा कति समय संचालन भएको हो सो को लग बुक र प्रति घण्टा कति डिजेल भएको नर्मस सहितको विवरण र काम को परिमाण खुलेको प्राविधिक रिपोर्ट खर्च साथ संलग्न हुनुपर्नेमा संलग्न नरहेको रु. १०००००.००

५८. **जिन्सी दाखिला** आर्थिक कार्यविधि ऐन,२०६४ मा कार्यालयमा खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गरी अद्यावधिक राख्नुपर्ने व्यवस्था रहेको छ । निम्नानुसार सामान खरिद गरिएकोमा जिन्सी दाखिला नभएको, दाखिला प्रतिवेदन संलग्न गरेतापनि खाता पाना नम्बर उल्लेख नभएको, कहाँ प्रयोग गरिएको एवं खातामा अम्दानी जनाएको देखिएको छैन । आवस्यक कागजप्रमाण पेश गर्नुपर्ने रु. ५९२३५०.००

| **व.शिनं.** | **भौ.नं.मिति** | **सामानको विवरण** | **रकम** |
|---|---|---|---|
| न.पा चालु | १९६-०७६/७/३ | ९ थरी कार्यालय सामान | ५९४६० |
| न.पा चालु | १२५२-०७७/३/१९ | कृषि पशु कार्यक्रम औषधि खरिद | ९९९९८ |
| | १३४८-०७७/३/२५ | कुर्चि ४ थान टेबल ३० थान | ५३८२० |
| | १३५१-०७७/३/२६ | औषधि र कार्यालय सामान | ४९००० |
| | १३६८-०७७/३/२६ | पंखा | १३१६४ |
| न.पा चालु | १३७७-०७७/३/२६ | सेनिटाइजर मास्क | ५९४५० |
| न.पा चालु | १३८५-०७७/३/२७ | ९ थरी खेलकुद सामान | ५६७५० |
| न.पा चालु | १४०६-०७७/३/२८ | ९ थरी सामान | २७५०० |
| न.पा चालु | १४५५-०७७/३/२९ | ५ थरी खेलकुद सामान | १००००० |
| न.पा चालु | १४७३-०७७/३/३० | अग्नि नियन्त्रण उपकरण लगायत | ७३२०८ |
| | | जम्मा | ५९२३५० |

५९. वडा कार्यालयबाट खरिद गरिएका जिन्सी सामान बिल पेश गरी नगरपालिकाबाट भुक्तानी हुने गरेको छ । खरिद गरिएका सामानहरु वडा कार्यालयमा दाखिला गरेको रिपोर्ट स्रेस्तासाथ संलग्न छ । वडाको जिन्सी किताब लेखापरीक्षणको क्रममा पेश हुन सकेन । कार्यालयबाट भुक्तानी भएको जिन्सी सामान कार्यालयमा दाखिला गरी हस्तान्तरण फाराम मार्फत वडालाई उपलब्ध गराउनुपर्दछ । त्यस्तो सामान वडाको जिन्सी किताबमा आम्दानी बाँध्नुपर्दछ । नगरपालिकाको मुल जिन्सी किताबमा खरिद गरिएका सामान दाखिला नहुँदा सामानको उचित संरक्षण हुन नसक्ने अवस्था आउँदछ । वडा नं.१ मा १ थान एल जि १.५ टन ए.सि खरिद गरी गो.भौ.नं.११९-०७७/६/१९ बाट रु.१०५०००/- खर्च लेखेको छ । कार्यालयमा दाखिला नभै वडामा मात्र दाखिला भएको देखिन्छ ।

६०. **खाजा खर्च** नगरपालिकाले वडाको खाना खाजा बापत भुक्तानी दिंदा भुक्तानी खर्च लेख्नुको कारण स्पष्ट खुलाई लेख्नु पदर्छ । बैठक बस्दाको उपस्थिति, कारण र तोकीएको नर्मस अनुसार खर्च लेख्नु पर्दछ । उल्लेखित विवरण नखुलाई विविध खर्च लेखिएको छ । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ । केही उदाहरण निम्नानुसार रहेका छन् ।

| **भौ.नं.मिति** | **वडा नं.** | **भुक्तानी पाउने** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १३२-०७६/६/१० | ३ | वडा सचिव चन्द्रमणि आचार्य | ८४९०० | साउन- असोज |
| १३६-०७६/६/१० | १३ | वडा सचिव गोपाल प्रसाद भट्टराई | ४४७१५ | |
| १७३-०७६/७/१ | ५ | वडा सचिव शकर व. गिरि | ३३८२० | |
| १८७-०७६/७/३ | ७ | वडा सचिव पदमराज सापकोटा | ४३६४८ | |
| ५५०-०७६/१०/५ | ८ | वडा सचिव खगनाथ पराजुली | ५४१५० | |
| | | जम्मा | २६१२३३ | |

६१. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि

| | | |
|---|---|---|
| | बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।तसर्थ वार्षिक खरिद योजना बनाई योजना भित्र रही बोलपत्र तथा शिलबन्दी दरभाउपत्रको आधारमा खरिद गर्नुपर्नेमा नगरपालिकाले वडा कार्यालयतर्फको बजेटबाट बडा कार्यालय मार्फत तथा नगरपालिका तर्फ गरी निम्नानुसारका सामान खरिद गरी खर्च गरेको देखिएको रु. | ४७३५१७४ |

| भौ.नं.मिति | फर्मको नाम | रकम |
|---|---|---|
| | गणेश सप्लायर्स | २८२५४२ |
| | शंकर स्टेशनरी एण्ड जनरल सप्लायर्स | ३४९७०७ |
| | संजिवनी अर्डर सप्लायर्स | २२६७०७ |
| | सिद्धबाबा अफसेट प्रेस | ४२९२७५ |
| १९०-०७६/७/३ | सिद्धबाबा अफसेट छपाई तथा सुचना प्रकाशन | ४७६९१६ |
| २१७-०७६/७/५ | मसलन्द तथा कार्यालय सामान २ वटा फर्मबाट | २०१९४९ |
| ४४२-०७६/९/१४ | श्री गणेश इन्टरप्राइजेज | २११७२४ |
| ४७३-०७६/९/२० | युनाइटेड सप्लायर्स | ३२२०७९ |
| | शंकर स्टेशनरी एण्ड जनरल सप्लायर्स | १५७०९१ |
| | संजिवनी अर्डर सप्लायर्स | १२५४३९ |
| ५६२-०७६/१०/७ | सिद्धबाबा अफसेट | २८२६१२ |
| ६१६-०७६/१०/२२ | शंकर स्टेशनरी | १०६९८८ |
| १०५८-०७७/२/२९ | कार्यालय संचालन सामान | ५७१५४८ |
| १२०८-०७७/३/१५ | फेसबुक कम्प्युटर सप्लायर्स | १२५४९९ |
| १२२३-०७७/३/१७ | अनुज प्रतिक इन्टरप्राइजेज | २६७१६५ |
| १३८८-०७७/३/२७ | सिद्धबाबा अफसेट | ३९८६१८ |
| १४३९-०७७/३/२९ | २ वटा फर्मबाट | १९९३१५ |
| | जम्मा | ४७३५१७४ |

६२. **सोधभर्ना खर्चः** आर्थिक कार्यविधी नियमावली २०६४ मा खर्चको भुक्तानी हुँदा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्दछ । नगरपालिकाले खर्चको भुक्तानी दिँदा पार्टिको नाममा भुक्तानी नदिई वडा सचिवलाई भुक्तानी दिएको केही उदाहरण निम्नानुसार रहेका छन् ।

| **भौ.नं.मिति** | **वडा नं.** | **बापत** | | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|---|---|
| ३५९-०७६/८/१६ | १५ | मर्मत | निभाश मोटर्स | कम्प्युटर सहायक सन्तोष थापा | २३४९१ |
| ४३०-०७६/९/१३ | २ | डस्बिन खरिद | रञ्जना स्टोर्स | क.अ सन्तोष दुवाडी | ७०००० |
| ४६३-०७६/९/१७ | १६ | कार्यालय सामान | पिठुवा शैक्षिक सामाग्री केन्द्र | वडा सचिव नवराज तिवारी | ५०००० |
| जम्मा | | | | | १४३४९१ |

६३. जिन्सी वडा नं.४ को मसलन्द खर्च बापत गो.भौ.नं.११०३-०७७/३/३ बाट रु.१२४२५ खर्च लेखेको छ । खरिद गरिएका मसलन्द जिन्सी किताबमा आम्दानी बाँध्नुपर्नेमा जिन्सी किताबमा आम्दानी बाँधेको छैन ।

६४. **न्यायिक समिति भत्ता** पदाधिकारी सेवा सम्वन्धी कार्यविधी २०७६ अनुसार न्यायिक समितिको सयोजक तथा अन्य २ जना निर्वाचित सदस्यले न्यायिक समिति बैठक भत्ता पाउने व्यवस्था रहेको छ। नगरपालिकाले भौ.न.१११७/२०७७.३.४, १३३३/२०७७.३.२५ र ८४६/२०७६.१२.०७ तिन वटा भौचर बाट न्यायिक समितिको इजलास भत्ता बैठक खाजा अनगमन वापतको यातायात र खाजा खर्च भनी रु. ५१९६०.०० खर्च गरेको छ । नियमानुसारको बैठक भत्ता बाहेक अन्य खर्च दिन मिल्ने नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

| **दर्जा नाम थर** | **खाजा लगायत अन्य भत्ता** |
|---|---|
| संयोजक बिमला देवी दवाडी | १७३२०.०० |
| सदस्य बाबुराम गौतम | १७३२०.०० |
| सदस्य शालिग्राम पराजुली | १७३२०.०० |
| | ५१९६०.०० |

६४.१. कानुनी सहकजकर्ता प्रियंका थापालाई न्यायिक समितिमा बैठक, यातायात, खाजा खर्च रकममा अग्रिम कर कट्टी गरी रु.४६८००.०० भुक्तानी दिएको छ । कानुनी सहजकर्तालाई न्यायिक समितिमा भत्ता र अन्य खर्च लेख्न मिल्ने प्रदेश कानुनमा उल्लेख छैन । बिहान वेलुका अतिरिक्त काम गरेको

| | | |
|---|---|---|
| | अवस्थामा अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिकाको अधिनमा रहि भुक्तानी दिनुपर्ने देखिन्छ । | |
| ६५. | **मर्मतः** निम्नानुसार भौ.नं. मितिमा निम्नानुसार व्यक्तिगत सवारी साधन मर्मत बापत रु.१५४५७५ भुक्तानी दिएको छ । व्यक्तिगत सवारी साधन मर्मतको कार्यालयबाट भुक्तानी दिन सवारी साधन प्रयोजन र आधार खुलाई मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ । | |

| **भौ.नं.मिति** | **सवारी साधन** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| ४४८-०७६/९/१८ | ग ४ प ३१६६ | ८००० | वडा नं.१३ |
| ४६३-०७६/९/१७ | ना.४६ प ५६१४ | २५१५० | वडा नं. ६ व.अ हेमराज थापा |
| ४९०-०७६/९/२१ | ना ५५ प ९६९२ | १५९४५ | वडा नं.५ |
| ५५४-०७६/१०/६ | ना १४ प १७१ रु.९१३० | १६५३० | खुलेन |
| | ग १० ४८१३ रु.५६०० | | |
| | ना ३८ प ११४१ रु.१८०० | | |
| ९४२-०७७/.../२६ | खुलेन | २४१०० | वडा नं.२ |
| १०२३-०७७/२/२३ | ना २६ प ४०४ | ७००० | व.अ दुर्गादेवी गौतम वडा नं.४ |
| १२२१-०७७/३/१० | ना १० प ४८१३ रु.६८५० | १२००० | |
| | ना १७ प २८२५ रु.५१५० | | |
| ११२६-०७७/३/१७ | ना २४ प २२२३ | १९८५० | |
| १२३३-०७७/३/१८ | ना ४६ प ५६१० | २६००० | |
| | ना १८ प ७९३४ | | |
| | | १५४५७५ | |

| | | |
|---|---|---|
| ६६. | वडा नं. ५ को ३ वटा खर्च शिर्षक बापत रु.६८६५० मा अग्रिम कर रु.१०३० कट्टी गरी रु.६७६२० भुक्तानी दिएको छ । संलग्न बिल भरपाईको जोडजम्मा रु.५०२५० मात्र छ । बिल भरपाई भन्दा रु.१८४०० बढी खर्च लेखेको रु. | १८४०० |
| ६७. | **एकै निकायको बैठक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५को परिच्छेद ७.१.१ मा बैठक कार्यालय समय अघि वा पछि हुनु पर्ने, एउटै निकाय वा अन्तर्गतका पदाधिकार।कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने र बैठकमा आमन्त्रित सदस्य रुपमा थप व्यक्ति राख्न नपाइने तर बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सक्ने उल्लेख गरेकोमा नगरपालिकाले बिभिन्न बोलपत्र तथा सिलबन्दी दरभाउ पत्र खोल्दा र मुल्याकंन गर्दा बसेको बैठकका सदस्य लगायत आमन्त्रित बिभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक भत्ता निम्न भौ न तथा मितिबाट रु.२७६२५० भुक्तानी गरी खर्च गरेकोमा कार्य संचालन निर्देशिका विपरित नगरपालिकाको मात्र कर्मचारी बसेको विभिन्न बैठक तथा आवश्यक भन्दा बढी पदाधिकारी तथा कर्मचारी बैंठकमा राखी नियम विपरित भत्ता खर्च गरेको देखिएको रु. | २७६२५० |

| भौ.नं.मिति | संख्या | खर्च | कट्टी | खुद भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| ५५९-०७६/१०/६ | १५ जना | ७०००० | ११५५० | ६५४५० | कर्मचारी मात्र |
| ६०१-०७६/१०/२० | १३ जना | १९२००० | २८८०० | १६३२०० | |
| १५१५-०७७/३/३१ | १६ जना | ५६००० | ८४०० | ४७६०० | |
| | | | | २७६२५० | |

| | | |
|---|---|---|
| ६८. | आयकर ऐन २०५८ को दफा ८७,८८.१ आस्कमिक पुरुस्कारमा २५ प्रतिशत कर कट्टी गरी रकम भुक्तानी दिने व्यवस्था रहेको छ ।३ जना कर्मचारीलाई सातौ नगरसभाको निर्णयले कर बाहेक गो.भौ.नं.१४८०-०७७/३/३० बाट पुरस्कार बापत रु.५६६६५.०० दिएको छ ।पुरुस्कारमा लाग्ने अग्रिम कर बापतको रकम रु.१८९००.० नगरपालिकाले तिरेको छ । अग्रिमकर ,कर तिर्ने दायित्व भएकाबाट व्यक्तिबाट कट्टी गर्नुपर्ने हुँदा नगरपालिकाले थप गरी दाखिला गरेको उपयुक्त देखिएन । | |
| ६९. | पशुरोग खोरेनको भ्याक्सिन ४००० डोज काठमाडौंबाट रत्ननगर ढुवानी गरे बापत शालिक पौडेललाई | |

गाडी रिजर्भ वापतको भाडा रु.१८००० मा रु.१८०० कर कट्टी गरी गो.भौ.नं.१४८६-०७७/३/३० बाट रु.१६२०० भुक्तानी दिएको छ । ढुवानी गर्दा मितव्ययी ढंगले गर्नुपर्ने देखिन्छ ।

७०. **फरक खर्च शिर्षकः** आर्थिक कार्यविधि नियमावली २०६४ मा शीर्षक फरक पारी खर्च लेख्न नहुने व्यवस्था छ । नगरपालिकाले निम्न भौ नं. र मिति बाट शिर्षक फरक पारी खर्च लेखेको छ । जुन शिर्षकमा बजेट विनियोजन भएको हो, सो बजेट शिर्षकबाट खर्च लेख्नु पर्नेमा सो नगरी फरक शीर्षकमा खर्च लेखेको रु. — ११०२७६.००

| भौ.नं.मिति | खर्च लेखेको शिर्षक | विल भरपाई विवरण | रकम |
|---|---|---|---|
| ९३८-०७७/२/५ | कृषि तथा पशु पालन | खाजा खाना बापत खर्च | ३५२०१ |
| ११९०-०७७/३/१४ | व्यवसायिक कृषकलाई आधुनिक उद्यमशिल कृषि तालिम | विविध खाना खाजा | ५०२२५ |
| ९४८-०७७/२/२७ | सवारी साधन मर्मत | सामान तथा मसलन्द | २४८५० |
| **जम्मा** | | | ११०२७६ |

७१. पशुपालक कृषक समुहलाई पशु सम्बन्धि शिविर संचालन तथा जुका नाम्ले औषधि वितरण र घाँसको बिउ वितरण बापत रु.२३०००० मा अग्रिम कर कट्टी गरी गो.भौ.नं.९५८-०७७/२/९ बाट रु.२३५१४६ खर्च लेखेकोमा निम्नानुसार देखियो

७१.१. विभिन्न जातको घाँसको बिउ खरिद गरी वितरण बापत रु.१००००० खर्च लेखेको छ । घाँसको बिउ वितरण गर्दा भरपाई केरमेट र सच्याएको छ । घाँस बुझेको परिमाण केरमेट गरी सच्याएकोले उक्त खर्च वास्तविक हो भनि एकिन गर्न सकिएन रु. — १०००००.००

७१.२. पशु सम्बन्धि शिविर संचालन तथा जुका नाम्ले औषधि वितरण बापत रु.१३०००० खर्च लखेको छ । उक्त खर्च मध्ये खाना र खाजा बापत रु.२९४४५ खर्च लेखेको छ । शिविरमा हुने खाना खाजामा मितव्ययीता अपनाउनु पर्दछ ।

७२. **जिन्सी दाखिला** प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम ४७.१ मा नगरपालिकाले गरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारवाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्न अनुसारको खरिदको जिन्सी दाखिला गरेको देखिएन ।अत नियमानुसार जिन्सी दाखिला गर्नुपर्ने देखिन्छ ।

७२.१. वडा नं. ५ अन्तर्गत कृषि तथा पशुपक्षी सम्बन्धी प्राविधिक सहयोग संचालन शिर्षकबाट श्री भेटेनरी फर्माबाट २९ थरीका औषधि खरिद बापत रु.७५००० मा अग्रिम कर कट्टी गरी गो.भौ.नं.१२२०-०७७/३/१७ बाट रु.७३८७५ भुक्तानी दिएको छ । खरिद गरेका औषधिहरु कार्यालयको जिन्सी किताबमा आम्दानी बाँधेको देखिएन । औषधि प्रयोग भएको वितरण गरेको प्रमाण संलग्न नभएको एंव भरपाइ नभएको रु. — ७५०००.००

७३. **ह्युम पाइप खरिदः** सार्वजनिक खरिद ऐनको तथा नियमावली अनुसार आवश्यकता पहिचान गरी खरिद गर्नुपर्ने, खरिद गरिएका सामान जिन्सी दाखिला गर्नुपर्ने र वितरण भएमा जडान भएको उल्लेख गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारको ह्युम पाइप खरिद गरेकोमा दाखिला र प्रयोग भएको प्राविधिक मुल्याङ्कन नभएको रु. — १००२९६.००

| भौ.नं.मिति | ह्युम पाइपको विवरण | फर्मको नाम | संख्या | दर | जम्मा |
|---|---|---|---|---|---|
| १३३५-०७७/३/२७ | एन पि ३ ३०० एम एम | अच्युत नेपाल प्रा.लि | ६ | ९४२२ | ५६६३२ |
| | एन पि ३ ४५० एम एम | | १ | १३५२४ | १३५२४ |
| | एन पि ३ ५०० एम एम | | २ | १५०७० | ३०१४० |
| जम्मा | | | | | १००२९६ |

७४. **अग्रिम कर** आयकर ऐन २०५८ अनुसार परामर्शबाट हुने खरिदको भुक्तानीमा १५ प्रतिशत र बहाल बापतको रकम भुक्तानी गर्दा १० प्रतिशतका दरले अग्रिक कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्नानुसारको भुक्तानीमा कर कट्टी नगरी खर्च लेखेको छ ।

७४.१. नगरपालिकाले अन्य सेवा शुल्क खर्च शिर्षकबाट नबिन नारायण प्रधानलाई कम्प्युटर, नेटवर्क — १८२००.००

| | | |
|---|---|---|
| | लगायतका उपकरण मर्मत गरे बापत रु.१३०००० मा अग्रिम कर रु.१३०० कट्टी गरी रु.१२८७०० भुक्तानी दिएको छ । यस्तो खर्च परामर्श खर्च शिर्षकबाट भुक्तानी लेखी १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा सो नगरी भुक्तानी १ प्रतिशत मात्र कर कट्टी गरेको छ । नपुग कर असुल गरी दाखिला गर्नुपर्ने रु. | |
| ७४.२. | नगरपालिकाको विभिन्न मुद्धामा बहस पैरवी गरे बापत जगन्नाथ भण्डारीलाई परामर्श शीर्षकबाट खर्च लेख्नुपर्नेमा अन्य शीर्षकबाट रु.५०००० मा अग्रिम कर कट्टी गरी गो.भौ.नं.१५०५-०७७/३/३१ बाट रु.४९५०० भुक्तानी दिएको छ । कुन कुन मुद्धामा बहस पैरवी गर्नु भएको हो विवरण संलग्न छैन । बहस पैरबी बापत १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्नेमा कम कट्टी गरेकोले नपुग रकम असुल हुनुपर्ने रु. | ७०००.०० |
| ७५. | **कार्यक्रम** कार्यक्रम संचालन खर्च अन्तर्गत सवारी चालक राजेन्द्र कुमार श्रेष्ठको भौ.नं.१५२१-०७७/३/३१ बाट रु.२००००० पेश्की फछ्यौट गरेको छ । प्रवर्द्धनात्मक कार्यक्रम भनिएता पनि सबै खर्च खाजा खानाका बिल रहेको छ । कार्यक्रम बिना खाना खाजाको बिल संलग्न गरी पेश्की फछ्यौट गरी भुक्तानी भएकोले कार्यक्रमको उद्देश्य अनुरुप काम भएको एकिन गर्न सकिएन । | |
| ७६. | नगर प्रमुख प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत फलफुलका विरुवा खरिद बापत रु.४३२९०० मा अग्रिम कर कट्टी गरी रु.४२२७१४ अधिकारी फलफुल नर्सरी बागबानी फर्मलाई भुक्तानी दिएको छ । खरिद गरिएका फलफुलका विरुवा कहाँ रोपिएका छन एकिन छैन । साथै किसानलाई विरतण गरिएको भरपाई संलग्न नभएकोले खरिद गरिएका विरुवाको उचित वितरण र उपयोग भयो भन्न सक्ने अवस्था रहेन । | |
| ७७. | **सुचना प्रकाशन** नगरपालिकाले रेडियो अर्पनलाई ५२ पटकको लागि सुचना प्रकासन गर्ने गरी मिति २०७६।१०।१० मा सम्झौता गरी गरी सूचना प्रकाशन गरेको भनी रु. १४९५००.०० रकम भुक्तानी भएको छ । कुन कुन विषयमा कहिले के समाचार तथा सूचना प्रकाशन गर्ने हो सो को लेखाजोखा र आवस्यकताको पहिचान गरेर खर्च लेख्नुपर्दछ । | |
| ७८. | **दिर्घकालिन कार्य योजना** नगरपालिकाले पशु र बालि विमा तथा विषादी न्यूनिकरण तालिम बाट मपतित २०७७/२/१० मा रकमान्तरण गरी बाँजो खेतमा मकै खेती गर्ने गरी कोरोना कहरबाट पिडित भएका ५४ परिवारलाइ लक्षित गरी ५२ बटा समुह तयार गरी प्रति समुह लाइ प्रति कट्ठा १ के जी मकैको बिउ र मल लगायतका अन्य प्राविधिक सहयोग गरी रु. ३११२००.०० खर्च लेखेको छ । नगरपालिका क्षेत्र भित्र बाँजो जग्गामा सम्वन्धीत जग्गाधनीले चाहेको बखत छोड्ने शर्तमा नगरपालिकाले उक्त समूह सँग सम्झौता गरी कार्य प्रारम्भ गरेको छ । जग्गा प्राप्तीको दिर्घकालिन रुपमा योजना तयार नगरी कार्य प्रारम्भ गरेको कार्य प्रभावकारी तवरले अघि बढ्न नसक्ने हुदा सम्वन्धीत जग्गा धनिसँग आवश्यक सम्झौता गरी कार्यसंचालन गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । | |
| ७९. | **सुत्केरी पशु प्रोत्साहन** नगरपालिकाले यस वर्ष विभिन्न पशु सुत्केरी भए वापत कृषकलाइ रु ४०० र ६०० का दरले रु. ७६४५००.०० खर्च लेखेको छ । नगरपालिकाले आवस्यक कार्यविधि तयार गरी उक्त प्रोत्साहन कार्यक्रमलाई यथार्थ परक बनाउनुपर्दछ । | |
| ८०. | **भौतिक निर्माण** नगरपालिकाले नेपाल मा वि लाई विद्यालयको भौतिक पूर्वाधार निर्माण अनुदान वापत रु १५०००००० खर्च लेखेको छ । अनुदान प्राप्त रकमबाट विद्यालयले भौतिक पूर्वाधार निर्माण गरेको कार्यसम्पन्न प्रतिवेदन श्रेस्ता साथ संलग्न गर्नुपर्नेमा कार्यसम्पन्न प्रतिवेदन संलग्न छैन । अत विद्यालयले उक्त कार्य गरेको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । | १५०००००० |
| | **नगरपालिका चालू (शिक्षा)** | |
| ८१. | **अनुदान खर्चः** प्रदेश आर्थिक नियमावली २०७६ को दफा ४२.३ मा सार्वजनिक निकायले कुनै पनि | |

| | | |
|---|---|---|
| | निकाय वा लाभग्राहि समूह लाई दिएको रकमको आय व्ययको प्रगतिको विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरेको लक्ष्य अनुसार गरे वा नगरेको प्रचलित कानून बमोजिम लेखापरीक्षण भए वा नभएको कुराहरुको अध्ययन अनुगमन गरी सोहि अनुसार प्रतिवेदन तयार गरी अनुदानलाई यथार्थ र उद्देश्यमुलक गराउनु पर्ने व्यवस्था छ । उपरोक्त सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ । | |

| क्र.स. | गो भौ नं. मिति | लाभग्राहिको नाम | कामको विवरण | रकम |
|---|---|---|---|---|
| १ | ५/२०७६.१०.१५ | खेल्दै सिक्दै केन्द्र | सडक बालबालिकालाई शिक्षा | ३००००.०० |
| २ | ६/२०७६.१०.२४ | विभिन्न विद्यालय | विद्यालय सेवा महसुल सहयोग | २५००००.०० |
| ३ | ७/२०७६.१०.२९ | नेपाल आ.वि. र झुवानी मा.वि. | सामाहित शिक्षा पुरुस्कार | १००००.०० |
| ४ | १२/२०७७.१.२६ | विभिन्न विद्यालय | पाठ्यपुस्तक प्रोत्साहन भत्ता समेतका लागि | ४२४८७३२.०० |
| ५ | | विभिन्न १५ विद्यालय | निशुल्क कक्षा संचालन गर्न | ३३००००.०० |
| ६ | | बैरिया मा.वि. र जनजागृत | प्राविधिक शिक्षा छात्रबृति | ३६००००.०० |
| ७ | १८/२०७७.०२.२२ | बछौली मा.वि | HOTEL MANAGEMENT विषयको पढाई | २५०००००.०० |
| ८ | २३/२०७७.०३.०८ | स्वरोजगार सामुदायिक सिंकाइ केन्द्र | सिकाइ सामाग्री वितरण | १००००.०० |
| ९ | २४/२०७७.०३.१८ | बिभिन्न ३ विद्यालयलाई अनुदान | नमुना विद्यालय अनुदान | २००००.०० |
| जम्मा | | | | ८३८८७३२ |

## ससर्त शिक्षा

| | | |
|---|---|---|
| ८२. | **दरवन्दी** विद्यालय कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्राविधिक धार संचालन गर्ने विद्यालयलाई प्रशिक्षक र सहायक प्रशिक्षक भनी नेपाल सरकारले रकम उपलव्ध गराउने व्यवस्था रहेको छ । तर नेपाल आ.वि. ले श्री विमला अधिकारीलाइ ल्याव असिस्टेन्स को पद लेखी मासिक रु. २६६१० का दरले प्रथम चौमासिक र तेस्रो चौमासिकमा खर्च रु.२८२१००.०० खर्च लेखेको छ । उचित पुष्टाई र दरवन्दी बेगर खर्च लेखेको रु. | २८२१००.०० |
| ८३. | **नियुक्ती** माधवपुर माध्यमिक विद्यालयले लेखा सहायक पदमा कर्मचारी को नियुक्ति पेश नगरेरै यस आ.व.मा तेस्रो चौमाषिकको रु. ११५०० का दरले ४ महिनाको रु. ४६०००।०० भुक्तानी दिएको छ ।अत कर्मचारीलाई नियुक्ती नै नगरी भुक्तान गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ४६०००.०० |
| ८४. | **वैकल्पिक माध्यमबाट शिक्षा** नगरपालिकाले बैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजिकरणका लागी रेडियो अर्पणबाट सिकाइ सहजीकरण कार्यक्रम संचालन गरेको भनी नेपाल मा.वि. स्रोत केन्द्रले माग गरे बमोजिम रु ३ लाख उपलव्ध गराएको छ । कार्यक्रमको स्वीकृत ढाँचा तयार नगरी ,कार्यक्रमका विषयबस्तु लगायत विद्यार्थीको सहभागितालाई कसरी सुनिश्चित गराउने सो सम्वन्धमा कुनै योजना नै नबनाइकन रेडियोको माध्यमबाट डिजिटल रुपमा कसरी अध्ययन गराएको हो सो सम्वन्धमा एकिन गर्न सकिएन । अत आवस्यक प्रमाण कागजात वेगर भुक्तानी भएको रु. | ३०००००.०० |
| ८५. | **कार्य फरक** विद्यालय सिंकाइ कार्यक्रम अनुसार नेपाल मा.वि. स्रोत केन्द्रलाई कोरना शिर्षकमा प्राप्त रकम रु. ३ लाख उक्त विद्यालयले **GTB / 2TB HARD DISK** खरिद गरी खर्च लेखेको छ । कार्यक्रमको मर्म अनुरुप प्राप्त रकमको सहि सदुपयोग नगरी अन्य कार्यक्रममा खर्च लेखेको छ । अत कार्यक्रमको मुल मर्म विपरित खर्च गरी नियमित नदेखिएको रु. | ३०००००.०० |

## बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम

| | | |
|---|---|---|
| ८६. | **अनुदान** नगरपालिकाले बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम अन्तर्गत निम्न लिखित पक्षलाइ निम्नानुसार रकम वितरण गरेको छ । कार्यक्रमको बिस्तृत खाका बिना नै रकम वितरण गरिएको छ । वितरण रकम बाट उद्देश्य अनुसार कार्यक्रम संचालन भए नभएको अनुगनम गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |

| क्र.स. | गो भौ नं. र मिति | संस्थाको नाम | रकम |
|---|---|---|---|
| १ | ४१/२०७७.३.२९ | भद्रकाली माध्यमीक विद्यालय | १०००००.०० |
| २ | ४१/२०७७.३.३१ | आधारभुत विद्यालय वेल्सी | १०००००.०० |
| ३ | ४२/२०७७.३.३१ | बाल उद्दान निर्माण उ.स. | १०००००.०० |
| ४ | ४५/२०७७.३.३१ | बैरीया माध्यामिक विद्यालय | १०००००.०० |
| ५ | ३४/२०७७.३.२३ | श्री माघवपुर माध्यमिक विद्यालय | १०००००.०० |

| | |
|---|---|
| जम्मा | ५०००००.०० |

८७. **बाल शिक्षिकालाई प्रोत्साहन** नगरपालिकाले बालमैत्री स्थानीय प्रोत्साहन कार्यक्रम बाट विभिन्न २९ बटा विद्यालयका बाल शिक्षिकालाइ प्रोत्साहन भनी रु. ३९३८३०.०० रकम भुक्तानी दिएको छ । प्रोत्साहनको मापदणड तयार नगरी के का आधारमा प्रोत्साहन भत्ता क कसलाई वितरण गरेको कुनै नाम नामेसी नखुलाइ खर्च लेखेकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।

## ससर्त स्वास्थ्य

८८. **सेनटरी प्याड खरिद** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री उपलव्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्न गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्न र महिनावारी व्यवस्थापन सामाग्रीको दिगो विसर्जन तथा पुन प्रयोग गर्न सकिने सामाग्रीको प्रयोग गर्न तर्फ उत्प्रेरित गर्ने उद्देश्य राखेर तयार गरिएको यस कार्यविधीमा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । माथी उल्लेखित आवश्यक प्रकृया पुरा नगरी नगरपालिकाले यस वर्ष उक्त शिर्षकमा गो भौ नं. २२३/२०७७.३.३१ बाट रु. २६४२९६७.०० लाख हेल्थ एण्ड हाईजिन कम्पनीलाई भुक्तानी दिइ खर्च लेखेको छ । जस बाट उक्त खर्च अनुसारको सेनिटरी प्याडको समानुपातिक रुपमा वितरण गरी कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको भन्न सकिने आधार देखिएन । नगरपालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।

८९. **पोषण कार्यक्रम** नगरपालिकाले पोषण कार्यक्रम भनी २६८ जनाले आषाढ २३ देखि २०७६/८/३ सम्म रु. १०० का दरले गो भौ नं. ६३/२०७६.१०.०१ बाट रु.१२६७००.०० खर्च लेखेको छ । प्रयोजन र व्यक्तिको विवरण वेगर खर्च भएको रु. १२६७००.००

९०. **अनुदान खर्चः** प्रदेश आर्थिक नियमावली २०७६ को दफा ४२.३ मा सार्वजनिक निकायले कुनै पनि कार्यक्रमका लागी खर्च गरेको रकम तोकिएको काममा खर्च गरे वा नगरेको लक्ष्य अनुसार गरे वा नगरेको प्रचलित कानून बमोजिम कार्य भए वा नभएको कुराहरुको अध्ययन अनुगमन गरी सोहि अनुसार प्रतिवेदन तयार गरी कार्यक्रमलाई यथार्थ र उद्देश्यमुलक गराउनु पर्ने व्यवस्था छ । उपरोक्त अनुसार अध्ययन र अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

| क.स. | गो भौ नं. मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | ५९/२०७७.९.२४ | डेगु नियन्त्रण गर्न नगरपालिकाले कार्यक्रम सचालन | ३९८५९०.०० |
| २ | १८३/२०७७.३.२६ | आँखा नाक घाँटी र मूख सम्वन्धी स.स्वा.से. तथा स्वास्थ्यकर्मीलाइ अभिमुखिकरण सम्वन्धी तालिम | ८००००.०० |
| ३ | १३९/०७७.३.३ | डट्स सम्वन्धी अभिमखिकरण तालिम | ३२००००.०० |
| ४ | १८४/२०७७.३.२६ | नसर्ने रोग सम्वन्धि कार्यक्रम | १०००००.०० |
| जम्मा | | | ८९८५९०.०० |

## कोरना रोकथाम तथा नियन्त्रण व्वस्थापन तर्फ

९१. स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु.१९६६००००/-, प्रदेश संचित कोषबाट रु.१२०००००, एंव अन्य स्रोतबाट रु.२६३०००/- समेत गरी रु.२११२३००० प्राप्त भएकोमा निम्नानुसार रु.१४५८६०००/- खर्च भएको छ ।

| क सं | शिर्षक | २०७७ असार सम्म खर्चरकम |
|---|---|---|
| १ | राहत वितरण | ७५०६००० |
| २ | क्वारेन्टाईन होल्डिन सेन्टर निर्माण | ३७२१००० |
| | क्वारेन्टिन केन्द्र निर्माण व्यवस्थापन | ११०७००० |
| ३ | जनशक्ती परिचालन भत्ता | ५०४००० |

| | | |
|---|---|---|
| ४ | औषधी एंव उपकरण | १७४८००० |
| | जम्मा रकम | १४५८६००० |

९२. नगरपालिकाले यस आ.व.मा कोरोनाको कहरलाई न्युनिकरण गर्नको लागि विभिन्न कार्यक्रम संचालन गरी रु. १४५८६००० खर्च लेखेको छ । जस अन्तरगत विभिन्न वडा मा लगत संकलन गरी चामल दाल र तेल लगायत माक्स सेनिटाइजर र सावुन वितरण गरेको खर्च पेश गरेको छ । माथि उल्लेखित खर्चमा विभिन्न होटेलमा रहेको आइसोलेसन सेन्टरको खर्च समेत समावेश भएको छ ।

९३. **मास्क वितरण** नगरपालिकाले चैत ९ गते १५ वटा नमुना टोललाई ३९००० थान मास्क वितरण गरेको भनी रु. ४२१५९४.०० खर्च लेखेको छ । संख्या अनुमान नै नगरी वितरण गरी खर्च लेख्ने कार्य मनासिव देखिएन ।

९४. **सक्कल विल** नगरपालिकाले मिति २०७७.१.२८ गते गो मौ नं. २४ बाटनेपाल व्रोडकास्टिङ्ग च्यानल प्रा.लि. **(NEPAL BROADCASTING CHANNEL PVT LTD)** लाई कोरोना सम्वन्धी विशेष कार्यक्रम प्रशारण गरे वापत फोटोकपी विलमा रु. २५०००.०० रकम भुक्तानी गरेको छ ।सक्कल विल प्रमाण पेश गर्नुपर्ने रु. २५०००.००

## प्रधानमन्त्री स्वोरोजगार कार्यक्रम

९५. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । नगरपालिकामा यस कार्यक्रम संचालन गर्दा निम्नानुसारको कार्य गरी रु. २८३५१००.००।— खर्च लेखेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरि रोजगारको अवसर प्रदान गरि आर्थिक विकासमा सहयोग पुर्याउने कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ ।

| क.सं | भौ.नं./मिति | विवरण | लाभग्राही समुहको नाम | कुल खर्च |
|---|---|---|---|---|
| १ | १५४/०७७.०३.१८ | वृक्षारोषण तथा सरसफाई आयोजना | बृक्षारोषण तथा सरसफाई स.स. | ३६००००.० |
| २ | १५५/०७७.०३.१९ | खानेपानी पाइप लाइन खन्ने आयोजना | सानेपानी पाइप लाइन खन्ने उ.स. | १८००००.० |
| ३ | १७१/०७७.३.२२ | वृक्षारोषण तथा सरसफाइ | वृक्षारोपण तथा सरसफाइ उ.स. | १८००००.० |
| ४ | १९९/०७७.०३.२७ | वृक्षारोषण तथा सरसफाइ पाइप लाइन विस्तार | वृक्षारोपण सरसफाइ तथा पाइप लाइन विस्तार उ.स. | ८९७६००.० |
| ५ | २००/०७७.३.२८ | खानेपानी पाइप लाइन तथा सरसफाइ | खानेपानी तथा सरसफाइ उ.स. | १८००००.० |
| ६ | २०१/२०७७.०३.२८ | खानेपानी पाइप लाइन तथा सरसफाइ | खानेपानी तथा सरसफाइ उ.स. | १८००००.० |
| ७ | २१३/०७७.०३.३० | सरसफाइ तथा झाँडी फडानी | वडा नं १६ | ३५९०००.० |
| ८ | २२१/०७७.३.३० | सरसफाइ तथा झाँडी फडानी | | १८००००.० |
| ९ | २२८/०७७.३.३१ | सरसफाइ तथा झाँडी फडानी | वडा नं १ मा | १८००००.० |
| १० | २३५/०७७.३.३१ | विरुवा खरिद कार्यक्रम | | १३८५००.० |
| **जम्मा** | | | | २८३५१००.०० |

## सामाजिक सुरक्षा तर्फ

९६. **सामाजिक सुरक्षातर्फः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तसर्थ दोहोरो भुक्तान हुन नदिन अभिलेख प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ

९७. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य गर्न नियम अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई रु.४५८६७७८।-खर्च लेखेका छ ।

नगरपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| खरिदको विवरण | लागत | भुक्तानी |
|---|---|---|
| बुढी राप्ती खोला दोभान पुलको आ इ इ र कयरखोला सडक पुलको डि पि आर र आ इ इ | २०००००० | १९२०६६१ |
| एकीकृत नगर विकास गुरुयोजना | २०००००० | १३७३९६७ |
| कपरफारा जाने सडक जोड्ने खगेरी नहरमाथि स्ल्याब पुल निर्माणको विस्तृत सम्भाव्यता अध्ययन | २००००० | १९७७५० |
| भुतिहा, बलचौर, पिठुवा कुलो र कन्काइ संयुक्त संरचनाको सम्भाव्यता अध्ययन | ५००००० | ४९८३३० |
| वाटर किङडम डि पि आर | ५००००० | ४९६०७० |
| नवीकरणीय उर्जा प्रविधिहरु मृफत उर्जा उत्पादन र परिप्रयोग विस्तृत सम्भाव्यता अध्ययन | १००००० | १००००० |
| जम्मा | | ४५८६७७८ |

९८. **पेश्की बाँकीः** प्रदेश आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा छ ।नगरपालिकाको यस वर्ष रु. १४४६३९५३.०० बराबरको देहाय अनुसार फछ्यौट गर्न बाँकी पेश्की देखिएकोले कार्यसम्पादन, र पेश्की जमानत र बिमाको म्याद समेत थप गरी नियम अनुसार पेश्की फछ्यौट गर्नुपर्ने रु. १४४६३९५३.००

| सि.नं. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| १ | मेयर कप खेलकुद प्रतियोगता | केशव आचार्य | ३,६०,००० | ० |
| २ | सञ्चार महशुल पदाधिकारी र कर्मचारी | राम कुमार सिङ्गताङ् | २०,००० | ० |
| ३ | पारिश्रमिक कर्मचारी तलब संचयकोष विमा | राजन मली | ६०,००० | ० |
| ४ | सञ्चार महशुल पदाधिकारी र कर्मचारी | निलम लामिछाने | ० | १,००,००० |
| ५ | वडा कार्यालय भवन निर्माण वडा नं. ८ (जि.वि.स) ञ्बतअजष्लन | कृष्ण मञ्जु कन्स्ट्रक्सन | ४,००,००० | ० |
| ६ | वडा कार्यालय भवन निर्माण वडा नं. ५ (जि.वि.स) ञ्बतअजष्लन | कृष्ण मञ्जु कन्स्ट्रक्सन | ३,८०,००० | ० |
| ७ | वडा कार्यालय भवन निर्माण वडा नं. १० (जि.वि.स) | गौतम बिल्डर्स | ५,१०,००० | ० |
| ८ | सौराहाचोक र सौराहा बसपार्क निर्माण | कृष्ण मञ्जु कन्स्ट्रक्सन | १८,१४,०८९ | ० |
| ९ | प्रदेश सरकार समपुरक अनुदान कोष (म्याचिङ फण्ड) | जे.के.कन्स्ट्रक्सन | ८,१८,२१२ | ० |
| १० | कालोपत्रे निर्माण वडा नं. १० | सुसन कन्स्ट्रक्शन | ४,७०,००० | ० |
| ११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | पिठुवा सामुदायिक सिकाई केन्द्र | १,००,००० | ० |
| १२ | विविध खर्च | प्रकाश राज रेग्मि | २०,००० | ० |
| १३ | वडा भित्रका विभिन्न सडक कालोपत्रे योजना | श्री सम्राट विल्डर्स | २,४८,४०० | ० |
| १४ | विभिन्न स्थानमा कालोपत्रे | जय सम्भु भोलेनाथ कन्ष्ट्रक्सन | ५,९९,२५२ | ० |
| १५ | विविध सार्वजनिक निर्माण | नेपाल विधुत प्राधिकरण टाडी शाखा | ४२,९३,००० | ० |
| १६ | शितल टोल कालोपत्र वडा न १३ | श्री शितल टाेल विकास संस्था | ४,००,००० | ० |
| १७ | वित्तिय साक्षरता कार्यक्रम संचालन खर्च | मेड . नेपाल | .२,२०० | ० |
| १८ | मनोसमाजिक परामर्श संचालन खर्च | मेड . नेपाल | २,२०० | ० |
| १९ | जनसहभागिता रकम फर्ता | चितवन सामुदायिक संचार सहकारी संस्था लि. | ० | ३,००,००० |

| | | | | |
|---|---|---|---|---|
| २० | बाल विवाह विरुद्धको अभियान कार्यक्रम | रेडियो अर्पण | ० | १०,००० |
| २१ | बाल विवाह विरुद्धको अभियान कार्यक्रम | रिलेशन प्रशारण प्रा.लि. | ० | १०,००० |
| २२ | कृषक प्राविधिक कर्मचारी अनुगमन तथा भ्रमण | व्यावसायिक पशुपालन कृषक समाज | २,००,००० | ० |
| २३ | लागत सहभागिताको आधारमा बाटो कालोपत्रे | रायमाझी टोल विकास संथा | ९,००,००० | ० |
| २४ | जनजागृती मा.वि भबन मर्मत (जि.वि.स) ≀बतअजप्लन | जनजागृति मा.वि.प्रशासकीय भवन निर्माण उ.स.र.न.पा.१४ | ६,७५,००० | ० |
| २५ | जनसहभागिता रकम फर्ता | दिप नारायण महतो | १,१२,००० | ० |
| २६ | क्ललभच क्तचभकक ऋदबलफभलतक | कुमालटार कयर खोला तटबन्ध निर्माण उपभोक्ता समिति | ७,२०,००० | ० |
| २७ | जनसहभागिता रकम फर्ता | लालपर्सा चोक देखी दक्षीण कालोपत्रे उपभोक्ता समिति | १,२५,००० | ० |
| २८ | जनसहभागिता रकम फर्ता | हातेमालाे टाेल वाटाे निर्माण समिति | ५,२२,५०० | ० |
| २९ | कम्प्युटर शिक्षक तालिम | राजेन्द्र प्रसाद वराल | ० | ० |
| ३० | दिवस कार्यक्रम रेविज/दुध/पोल्ट्री/पशुपंक्षी | सुन्दर वस्नेत | ४६,५०० | ० |
| ३१ | अन्य सहायता व्यक्ती संघ संस्था | क्षेत्र बहादुर गुरुङ | १५,००० | ० |
| ३२ | सुत्केरी महिला राहत खर्च | चन्द्रमणी आचार्य | ४०,००० | ० |
| ३३ | गठन भएका समुहहलाइ १ दिने अनुशिक्षण कार्यक्रम | दिपा घिमिरे शर्मा | १,००,००० | ० |
| ३४ | वडाभित्र विपत व्यावस्थापनको लागी | सुर्य प्रसाद ढुङगाना | ५५,००० | ० |
| ३५ | विपन्न बेरोजगार महिला, युवा तथा युवती, एकल महिलाहरुलाइ नेतृत्व विकास, आयमुलक, सिपमुलक कार्यक्रम तालिम कार्यक्रम | चन्द्रमणी आचार्य | ४०,००० | ० |
| **जम्मा** | | | १४०४३९५३ | ४२०००० |

९९. **अनुगमनः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

१००. **स्थलगत निरिक्षण** ल्यान्ड फिल्ड साइटमा आर सि सि वाल निर्माण बापत पन्चकन्या सामुदायिक वन लाई भौ नं. ५३/७७.३.८ बाट ७ लाख र भौ नं. ६०/०७७.३.२५ बाट १३२६७३७.०० भुक्तानी गरेको छ । स्थलगत निरीक्षणको क्रममा करिव ३० मिटर आर सि सि पर्खाल भत्केको अवस्था देखिएकोले पुन निर्माण गर्नुपर्ने अवस्था देखिन्छ ।

१०१. **बेरुजु तथा सम्परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । नगरपालिकाले गत वर्षसम्मको बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । अद्यावधिक वेरुजुको विवरण पेश नगरेतापनि कार्यालयले गत वर्षसम्मको बेरुजू मध्ये निम्नानुसार रु. २०७४५९५२.०१फछ्यौट गरी लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा सम्परीक्षण भएको छ ।

अनुसुचि १

# पालिकाको संचितकोषको विवरण

## २०७६।०७७

प्रदेशः बागमती

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १. | रत्ननगर | चितवन | १८३४५० | ५७८२४३ | २३७६०६ | ४४९४८ | ६१२४५ | ९२२०४२ | ४५९२४१ | २८८८८३ | २४३७५ | ७७२४९९ | ३३२९९३ |

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

## २०७६।७७

(रु हजारमा)

| सि. नं. | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौ)ट | | | बाङकी बेरुजू | | | वाङकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | चितवन | रत्ननगर | ८७ | ५८ | ४१९७० | ० | १६ | ३३८२ | ८७ | ४२ | ३८५८८ | ६३५ | १२४५५ | ११०३४ | ० | ० | २३४८९ | ८६८ | १३५९५ | १४४६४ |

# बेरुजुको अध्यावधिक अवस्था

अनुसुचि ३

## २०७६।०७७

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | समायोजन | सं प को अनुरोध भएको रकम | सम्परीक्षण भएको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षको बाँकी | यो बर्षको थप | ५८ औ प्रतिवेदन सम्मको बाँकी | ५८ औ प्रतिवेदन सम्मको बाँकी मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | रत्ननगर | चितवन | १४२२८१ | ० | २०७४५ | २०७४५ | ० | १२१५३६ | ३८५८८ | १६०१२४ | १९७२४ |